# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २९३ | काठमाडौं | बुधबार, १० फागुन २०७९ | Prabhab National Daily | Wednesday, February 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**फागुपर्व सभ्य रूपमा मनाऔं**

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं।
- सामाजिक तथा सांस्कृतिक मर्यादा शिष्टाचार पालना गरौं।
- हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौ. ।
- मदिरा तथा लागुपदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृखंल व्यवहार नगरौं।

चाडपर्वलाई मौलिकरूपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपाललाई ऐतिहासिक सफलता

स्कटल्याण्डलाई पराजित गरेको नेपालले आफ्नो एकदिवसीय क्रिकेटको इतिहासमा पहिलोपटक लगातार चार खेल जितेको छ । नेपाल लिग-२ अन्तर्गतको त्रिदेशीय सिरिजमा सतप्रतिशत नतिजा निकाल्ने पहिलो टोलीसमेत बनेको छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आइसिसी विश्वकप लिग-२ मा ऐतिहासिक जित हात पारेको छ। राजधानीमा मंगलबार सम्पन्न त्रिकोणात्मक सिरिजअन्तर्गतका चारवटै खेलमा लगातार जित हात पार्दै नेपालले 'क्लिनस्वीप' गरेको हो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरर्ाष्ट्रिय क्रिकेट मैदानमा नेपालले सिरिजको अन्तिम खेल मंगलबार स्कटल्याण्डसँग खेलेको थियो। उक्त खेलमा कप्तान रोहित पौडेल र पूर्वकप्तान सन्दीप लामिछानेको सानदार प्रदर्शनमा लिग विजेता स्कटल्याण्डलाई पराजित गरेको छ। उक्त जितसँगै नेपालले स्कटल्याण्ड र नामिबिया सम्मिलित त्रिकोणात्मक सिरिजको उपाधि हात पारेको छ।

टस जितेर स्कटल्यान्डलाई ब्याटिङको निम्तो दिएको नेपालले २१२ रनमा रोक्न सफल भयो । लामिछानेले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिएपछि नेपालले २१३ रनको मध्यम लक्ष्य पाएको थियो । जवाफी ब्याटिङमा उत्रिएको नेपालको सुरुआत खासै राम्रो हुन सकेन । तर, कप्तान पौडेलले उत्कृष्ट पारी खेल्दै नेपाललाई ऐतिहासिक जित दिलाए । स्कटल्यान्डले दिएको लक्ष्य नेपालले ४४.१ ओभरमा आठ विकेट गुमाएर पूरा गरेको हो ।

नेपालको जितमा कप्तान पौडेलले ९५ रनको योगदान दिए । उनले १०१ बलमा अविजित रहँदै उक्त रन बनाएका हुन् । 'प्लेयर अफ दि म्याच' घोषित उनले सात चौका र चार छक्का प्रहार गरे। एकदिवसीय अन्तर्राष्ट्रियमा पौडेलको यो सातौं अर्धशतक हो । उनले यसअघि पपुवान्युगिनी र अमेरिकाविरुद्ध दुई/दुई तथा युएई र नामिबियाविरुद्ध एक/एक अर्धशतक बनाएका थिए ।



स्कटल्याण्डविरुद्धको खेलमा नेपाललाई जित दिलाएपछि खुसी मनाउँदै कप्तान रोहित पौडेल । *तस्बिर सौजन्य: क्यान*

मंगलबारको खेलमा नेपालको १९ रन हुँदा आशिफ शेख आउट भएपछि मैदानमा आएका कप्तान पौडेलले कप्तानी पारी खेल्दै नेपाललाई जितसम्म डोऱ्याएका हुन् । करण केसीले ३७ बलमा अविजित रहँदै ३१ रनको योगदान गरे । ज्ञानेन्द्र मल्ल २१ रनमा आउट हुँदा कुशल मल्लले १७ रन बनाए । आसिफ शेखले १२ तथा लामिछानेले नौ रन बनाए । ओपनर कुशल भुर्तेल एक रनमा आउट हुँदा सन्दीप जोराले पनि एक रनमात्र बनाए । दीपेन्द्रसिंह ऐरीले सात तथा सोमपाल कामीले दुई रन बनाए ।

नेपालको जितमा रोहित र करणले नवौं विकेटका लागि ७५ रनको कीर्तिमानी साझेदारी गरे । उनीहरूले १३८ रनमा (**बाँकी पृष्ठ २ मा**)

# डा. रूइतलाई १० लाख डलरको 'इसा अवार्ड'



मंगलबार बहराइनमा त्यहाँका राजाबाट अवार्ड ग्रहण गर्दै डा. रुइत

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ आँखा रोग विशेषज्ञ डा.सन्दुक रुइतले बहराइनका राजाबाट 'इसा अवार्ड' पाएका छन् । तिलगंगा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशकसमेत रहेका उनलाई मंगलबार बहराइनमा एक समारोहबीच राजा सेख हमद विन इसा अल खालिफाले उक्त अवार्ड प्रदान गरेका हुन् ।

प्रतिष्ठानका जनसम्पर्क अधिकृत सुनिता केसीका अनुसार बहराइनका राजा अल खालिफाले डा. रुइतलाई १० लाख अमेरिकी डलर (करिब साढे १३ करोड रूपैयाँ) बराबरको इसा अवार्डसहित सम्मानपत्र प्रदान गरे ।

'इसा अवार्ड फर सर्भिस टु ह्युमानिटी' संस्थाले उनलाई आँखा उपचार गरेर विकासोन्मुख राष्ट्रहरूमा अन्धोपन हटाउन खेलेको भूमिकाको योगदान गर्दै अवार्ड प्रदान गरेको हो । गत माघ महिनामा डा. रुइतलाई उक्त संस्थाले इसा अवार्ड दिने घोषणा गरेको थियो ।

उक्त अवार्डका लागि १४५ व्यक्ति तथा संस्थाले मनोनयनमा दर्ता गराएका थिए । अन्तिम छ व्यक्ति तथा संस्थाको सूचीमा परेर उनी छनोट भएका हुन् । बहराइनका राजा सेख हमद विन इसा अल खालिफाले सन् २००९ मा पूर्वराजा सेख इसा बिन सलमान अल खालिफाको नाममा स्थापना गरेको 'इसा अवार्ड फर सर्भिस टु ह्युमानिटी' संस्थाले अवार्ड प्रदान गर्दै आएको छ ।

डा. रुइतले मोतियाविन्दु उपचार गर्ने सरल विधि विकास गरेका छन् । उनले प्रतिष्ठानमा अन्धोपन हटाउनका लागि आँखामा हाल्ने अन्तर्राष्ट्रियस्तरको लेन्स 'इन्ट्राअकुलर लेन्स' उत्पादन गर्दै आएका छन् । यसरी उत्पादन हुने लेन्स विदेशमासमेत निर्यात हुने गरेको छ । डा. रुइतले हालसम्म एक लाख २५ हजारभन्दा बढी आँखाका बिरामीको आफैंले शल्यक्रिया । (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# माघ महिनामा श्रम स्वीकृति लिने घटे

वैदेशिक रोजगारीका लागि माघ महिनामा ६४ हजार २८४ जनाले श्रम स्वीकृति लिएका छन्, जुन पुस महिनाको भन्दा एक हजार १८० ले न्यून हो

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या घट्दै गएको छ। वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको माघ महिनाको विवरणमा श्रम स्वीकृति लिनेको संख्या अघिल्लो महिनाको तुलनामा घटेको पाइएको हो।

माघ महिनामा विभिन्न मुलुक जानका लागि ६४ हजार २८४ जनाले अन्तिम श्रम स्वीकृति लिएको विभागले जनाएको छ। यो सँगै चालु आर्थिक वर्षको सात महिनामा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या चार लाख ८० हजार नाघेको छ । तर, माघ महिनामा श्रम स्वीकृति लिनेको संख्या अघिल्लो महिना (पुस)को भन्दा एक हजार १८० ले न्यून हो। पुसमा ६५ हजार ४६४ जनाले श्रम स्वीकृति लिएका थिए । यसअघि मंसिरमा यस्तो संख्या ६८ हजारभन्दा बढी थियो। माघ महिनामा श्रम स्वीकृति लिनेमध्ये पाँच हजार ८३७ जना महिला रहेको विभागले उल्लेख गरेको छ।

गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किंदै बढोत्तरी भइरहेको वैदेशिक रोजगारीको यात्रा पुस महिनादेखि घट्न थालेको विभागको तथ्यांकमा देखिन्छ। त्यसअघिका महिनाहरूमा भने श्रम स्वीकृति लिनेको संख्या बढ्दै आएको थियो। चालु आर्थिक वर्षको सात महिनामध्ये कत्तिकमा सबैभन्दा धेरै ७८ हजारभन्दा बढीले श्रम स्वीकृति लिएको तथ्यांक छ।

चालु आर्थिक वर्षको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया जाने नेपाली कामदारहरूको संख्यामासमेत पछिल्लो महिना गिरावट आएको छ । माघमा १९ हजार ७८३ जनाले मलेसिया जान श्रम स्वीकृति लिएको विभागले जनाएको छ। यसअघि पुसमा २० हजार ३३९ र मंसिरमा ३० हजार ५४० जनाले मलेसिया जना श्रम स्वीकृति लिएका थिए । यद्यपि, श्रम




स्वीकृतिको आधारमा यतिखेर रोजगारीका लागि अन्य मुलुकभन्दा मलेसिया नेपालीको रोजाइमा परेको विभागको तथ्यांकले देखाएको छ।

गत आवमा नेपालीहरूका लागि पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसिया चालु आवमा पहिलो स्थानमा रहेको छ । आप्रवासी कामदारको चरम संकट झेलिरहेको मलेसियाले नेपालबाट अधिक कामदार लैजाने रणनीतिसमेत अपनाएको छ । यसै सिलसिलामा मलेसियाका गृहमन्त्री सैफुद्धिन नासुसन इस्माइलले नेपालको तीन दिने भ्रमणमा नेपाली कामदार आपूर्तिका लागि उच्चस्तरीय छलफल गरेका थिए ।

माघ महिनामा कतार जान १२ हजार ७०४ जनाले श्रम स्वीकृति लिएका छन्। जहाँ गत पुस महिनामा १३ हजार ६६ जनाले श्रम स्वीकृति लिएका थिए । यसैगरी संयुक्त अरब इमिरेट्स (युएई)मा जान नौ हजार ७७०, साउदी अरेबिया १० हजार ५७६ र कुवेत जानका लागि दुई हजार ९९२ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । यी पाँच मुलुकले नै नेपालबाट वैदेशिक रोजगारीका लागि जानेको ठूलो हिस्सा ओगटेको विभागको तथ्यांकले देखाएको छ।

यसैगरी माघ महिनामा श्रम स्वीकृति लिनेमा जापानका लागि ८८२, रोमानिया ८०४, बहराइन ७७१, पोल्याण्ड ७०२, क्रोएसिया ४७१, साइप्रस ४१७, ओमान ४०६ र माल्टाका लागि २७० जना रहेका छन् । श्रम स्वीकृति लिएर युरोपेली मुलुक जाने नेपालीको संख्या भने निकै घटेको विभागको तथ्यांकले देखाउँछ।

यस्तै इपिएस प्रणालीबाहेक श्रम स्वीकृति लिएर दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार ७९७ रहेको छ। कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २५ हजार १६० जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३९ हजार १२४ रहेको छ।

जिल्लागतरूपमा मधेसका जिल्लाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । मधेसका जिल्लाहरू धनुषा, सिरहा, महोत्तरी, सर्लाही, बारा, रौतहट, पर्सा र सप्तरीबाट विदेश जानेको संख्या ठूलो रहेको छ। त्यसैगरी झापा, मोरङ, सुनसरी, रूपन्देही, तनहुँ, धादिङ, कपिलवस्तु, मकवानपुर दाङ, स्याङ्जा र नवलपरासी पूर्वबाट पनि उल्लेख्य मात्रामा नेपालीहरू विदेश गएको विभागले जनाएको छ।

## प्रधानमन्त्री दाहालको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले दुई वर्षदेखि साउदी अरेबियाको जेलमा रहेका दिनेश कार्कीलाई नेपाल ल्याउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। कार्कीका बुबा गणेशबहादुर कार्कीसहितको टोलीलाई मंगलबार बालुवाटारमा भेटेपछि उनले सो प्रतिबद्धता जनाएका हुन्।

धनकुटाको चौबिसे गाउँपालिका-४ निवासी कार्की दुई वर्षअघि ट्राफिक नियम उल्लंघन गरेको कसूरमा साउदी जेलमा रहेका छन्। प्रधानमन्त्री दाहालले कार्कीलाई जेलमुक्त गरी नेपाल ल्याउने कार्यको तत्काल पहल गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएका छन्।

'वर्तमान सरकार विदेशमा रहेका नेपाली श्रमिक तथा कामदारको हकहित र सुरक्षामा सबैभन्दा बढी संवेदनशील छ,' प्रधानमन्त्री दाहालले भने, 'विदेशमा रहेका नेपालीहरूले राष्ट्रिय अर्थतन्त्रको ठूलो हिस्सा धानेका छन्, उनीहरूको हकहित र सुरक्षाको प्रबन्ध गर्नु राज्यको जिम्मेवारी हो।




# सांसद भण्डारीको स्वास्थ्यमा सुधार

**काठमाडौं (प्रस)–** एलपिजी ग्यास लिक भई आगलागी हुँदा घाइते भएका नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य डा. चन्द्रकान्त भण्डारीको स्वास्थ्यमा सुधार आएको जानकारी दिइएको छ । भण्डारीको उपचार समन्वयमा सँगै रहेका कांग्रेस नेता योगराज कँडेलले मंगलबार उक्त जानकारी दिएका हुन् । आज बुधबारदेखि कृत्रिम अक्सिजन दिन बन्द गरिने उनले बताए ।

नेता भण्डारीको थप उपचार यही फागुन ४ गतेदेखि भारतको मुम्बईस्थित नेसनल बर्न सेन्टरमा भइरहेको छ । उनलाई मंगलबार राति पाँच लिटर अक्सिजनमा मात्र रिजरभायर ब्याग मास्कमा राखिने र आजसम्म मात्र रिजरभायर ब्याग मास्कमा राखिने उपचार कांग्रेस नेता कँडेलले मंगलबार जानकारी दिएका हुन् । नेसनल बर्न सेन्टरका डा. सुनिल केशवानीका अनुसार नेता भण्डारीलाई 'इटी टच्युब'मा अब राख्न नपर्ने र इन्फेक्सनको मात्रा पनि कम हुँदै गएको छ ।

नेता भण्डारीको अनुहारमा नयाँ छाला उत्साहजनकरूपमा पलाएको तर हातहरूमा अलिअलिमात्र पलाएकाले एक हप्ता अझै हेर्ने, अनि मात्र आवश्यक भएमा हातको ग्राफिटङ गर्ने चिकित्सकले जनाएका छन् । उनलाई छिटो सुधार भइरहेकाले अबको चार दिनपछि सायद आइसियु (इन्टेन्सिभ बर्न केयर युनिट)बाट बाहिर निकाल्न सकिने चिकित्सकले बताएका नेता कँडेलले जानकारी दिए ।

यही फागुन ३ गते राति बुद्धनगर स्थित आफ्नो निवासमा ग्यास लिक भई आगलागी हुँदा सांसद डा. भण्डारीसहित उनकी आमा हरिकला भण्डारी घाइते भएका थिए । घटनालगत्तै उनीहरू दुवै जनाको कीर्तिपुरस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचार गरिएको थियो । आमा हरिकलाको भने उपचारका क्रममा बिहीबार बिहान निधन भएको थियो ।

नेता डा. भण्डारीलाई नेपालमा यथोचित उपचार सम्भव नभएपछि गत बिहीबार नै श्री एयरलाइन्सको विमानमार्फत भारतको मुम्बईस्थित नेसनल बर्न सेन्टरमा थप उपचारका लागि लगिएको थियो । नेता भण्डारीको दुवै हात र दुवै गोडा गरी २५-३० प्रतिशत जलन भएको थियो ।

# मनाइयो ग्याल्पो लोसार

**काठमाडौं (प्रस)–** प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदाय तथा हिमाली बौद्धमार्गीहरूले मनाउने सांस्कृतिक पर्व एवं नयाँ वर्ष ग्याल्पो लोसार मनाइएको छ । नयाँ वर्षका रूपमा २१५०औं ग्याल्पो लोसार मंगलबार बाघ वर्गलाई बिदाइ गरी खरायो वर्गलाई स्वागत गरेर मनाइएको हो । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा ग्याल्पो लोसारलाई विभाजन गरिएको छ । लोसार शब्दले नयाँ वर्ष बुझाउँछ । मंगलबारदेखि यो समुदायको २१५०औं साल सुरु भएको छ ।

ग्याल्पो लोसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्यरूपमा मनाउने परम्परा शेर्पा समुदायमा छ । ग्याल्पो लोसार भोटका नवौं राजा उदे गुङ्ग्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन सुरु गरिएको हो । समय क्रममा ग्याल्पो लोसार नामकरण भएको अनुसन्धाता टीका शेर्पाले बताए ।

विगतमा हिमाली क्षेत्रका १२ जिल्लामा मनाइने ग्याल्पो लोसार हाल हाल २२ जिल्लामा मनाइन्छ । शेर्पा जातिको बसाइँसराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो । पुस १५ मा गुरुङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले सोनाम ल्होछारका नाममा यो पर्व मनाउँछन् ।

यस अवसरमा परिवारका ज्येष्ठ सदस्य तथा लामा गुरुबाट आशीर्वाद लिने, बौद्ध स्तूप तथा गुम्बाहरूमा सामूहिक पूजा तथा विविध कार्यक्रम सम्पन्न गरिएको छ । साथै, शेर्पा समुदायको सांस्कृतिक नाच एवं वेशभूषा प्रदर्शन हुनेगरी कार्यक्रमको आयोजना पनि गरिएको । मंगलबार सुरु भएको ग्याल्पो लोसार आगामी १५ दिन अर्थात् फागुन शुक्ल पूर्णिमासम्म मनाउने गरिन्छ ।

## नेपाललाई...

पृष्ठ १ बाट जारी

आठौं विकेट गुमाएको नेपाललाई उत्कृष्ट साझेदारीमा जित दिलाएका हुन् । नेपालका ललित राजवंशी ब्याटिङका लागि मैदान उत्रिन परेन ।

स्कटल्याण्डका लागि मार्क वाटले तीन तथा क्रिस ग्रेभ्सले दुई विकेट लिए । सफियान सरिफ, माइकल लिस्क र ब्रेण्डन म्याकमुलनले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्याण्डले ४६.१ ओभरमा सबै विकेट गुमाएर २१२ रन बनाएको थियो । स्कटल्याण्डका लागि जर्ज मुन्शेले ५० बलमा ६० रनको विष्फोटक अर्धशतकीय इनिङ्स खेले । उनको यो ११औं एकदिवसीय अन्तर्राष्ट्रिय अर्धशतक हो । म्याथ्यु क्रसले ६३ बलमा ४२ रन बनाउँदा ब्राण्डन म्याकमुलनले ३१ रन जोडे । क्रिस्टोफर म्याकब्रिड र कायल कोट्जरले समान २२/२२ रन बनाए । उसका लागि अन्य खेलाडी दोहोरो अंकमा रन बनाउन सकेनन् ।

नेपालका लागि लामिछानेले १० ओभरमा ४५ रन खर्चिएर चार विकेट लिए । उनले इनिङ्सको सुरुआती तीन विकेट लिएका थिए । यससँगै यो सिरिजमा उनको १३औं विकेट हो । बलात्कार अभियोगमा हिरासतमा बसेर निस्किएका लामिछानेले यही सिरिजबाट उत्कृष्ट प्रदर्शनसहित राष्ट्रिय टोलीमा 'कमब्याक' गरेका छन् ।

नेपाल अर्को साता युएईमा हुने त्रिकोणात्मक सिरिजका लागि जाँदै छ । त्यसमा लामिछाने टिममा परे पनि अदालतले देशबाहिर जान नपाउने आदेश दिएका कारण युएई जान पाउने छैनन् । यद्यपि, उनले विदेशमा क्रिकेट खेल्नबाट रोक लगाउने आदेशविरुद्ध सर्वोच्चमा निवेदन दिएका छन् । सर्वोच्चले आगामी १२ गते त्यसको पेसी तोकेको छ । यदि सर्वोच्चले लामिछानेलाई विदेशमा खेल्न पाउने आदेश दिएमा युएईमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा क्रिकेटप्रेमीहरूले गरेका छन् ।

स्कटल्याण्डविरुद्धको खेलमा करण केसीले तीन, कुशल मल्ल र ललितनारायण राजवंशीले समान एक/एक विकेट लिए । नेपालले एक विकेट रन आउट गराएको थियो । तीन विकेट लिएका केसीको एकदिवसीय अन्तर्राष्ट्रियमा ५० विकेट पुगेको छ । एकदिवसीय अन्तर्राष्ट्रियमा ५० विकेट पूरा गर्ने उनी तेस्रो नेपाली खेलाडी बनेका छन् । यसअघि पूर्वकप्तान लामिछाने र सोमपाल कामीले ५० विकेट पूरा गरेका थिए ।

### स्कटल्याण्ड बन्यो च्याम्पियन

सन् २०१९ देखि सुरु विश्वकप लिग-२ मा स्कटल्याण्डको यो अन्तिम खेल रहेको थियो । तीन खेल बाँकी रहँदै लिग-२ को च्याम्पियन बनेको स्कटल्याण्डले नेपालसँगको खेलपछि ट्रफि पाएको छ ।

स्कटल्याण्डलाई पराजित गरेको नेपालले आफ्नो एकदिवसीय क्रिकेटको इतिहासमा पहिलोपटक लगातार चार खेल जितेको छ । नेपाल लिग-२ अन्तर्गतको त्रिदेशीय सिरिजमा सतप्रतिशत नतिजा निकाल्ने पहिलो टोलीसमेत बनेको छ ।

यस्तै नेपाल विश्वकप लिग-२ को पूरा सिरिजमा स्कटल्याण्डलाई लगातार दुई खेलमा पराजित गर्ने पहिलो टोली पनि बनेको छ । नेपाल २८ खेलमा १२ मा जित र १४ मा हारसहित २६ अंकका साथ छैटौं स्थानमा छ । बाँकी रहेको आठ खेलमध्ये कम्तीमा छ खेल जित हात पार्न सके नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता कायम हुनेछ ।

लिग च्याम्पियन स्कटल्याण्डले ३६ खेलमा २४ जित र १० हारका साथ ५० अंक जोडेर शीर्ष स्थानमा रहचो । ओमानले ३६ खेलमा ४४ अंक हात पारेको छ भने अहिलेसम्म नामिबियाले ३४ खेलमा ३७ अंक ल्याएको छ । त्यसपछि अमेरिकाको ३६ खेलमा १५ जितसहित ३५ अंक रहेको छ भने युएईको २५ खेलमा १२ जितसहित २७ अंक छ । त्यस्तै नेपालको २८ खेलमा १२ जितसहित २६ अंक रहेको छ भने पपुवान्युगिनीको २८ खेलमा २ जितसहित ५ अंक ल्याएको छ ।

अब नेपालले आगामी सोमबार युएईमा पपुवान्युगिनीको सामना गर्ने छ । युएईमा पपुवान्युगिनी र युएईसँग दुई/दुई खेल खेल्ने तालिका रहेको छ । लिगका अन्तिम चार खेल नेपालमै २५ फागुनदेखि सुरु हुनेछ । त्यसमा पनि नेपाल, युएई र पपुवान्युगिनीबीच खेल हुनेछ ।

### प्रधानमन्त्रीको बधाई

प्रधानमन्त्री पुष्पकमल दाहालले आइसिसी क्रिकेट विश्वकप लिग-२ मा सफलता हासिल गरेकामा क्रिकेट खेलाडीलाई बधाई दिएका छन् ।

प्रधानमन्त्री दाहालले सामाजिक सञ्जालमार्फत लिग च्याम्पियन स्कटल्याण्डमाथि दुई विकेटको रोमाञ्चक जित हात पारेकामा बधाई दिएका हुन् । 'आइसिसी क्रिकेट विश्वकप लिग-२ च्याम्पियन स्कटल्याण्डमाथि दुई विकेटको रोमाञ्चक जित हात पार्दै घरेलु मैदानमा भएको सिरिज क्लिनस्वीप गरेकोमा नेपाली टिमलाई हार्दिक बधाई ज्ञापन गर्दै सम्पूर्ण खेलाडीको निरन्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु,' उनले भनेका छन् ।

## डा. रुइतलाई...

पृष्ठ १ बाट जारी

गरिसकेका छन् ।

अवार्ड हात पारेपछि संक्षिप्त प्रतिक्रिया दिँदै डा. रुइतले यो अवार्ड आफ्नो राष्ट्र र आफूसँग आँखा उपचारमा आएका सम्पूर्ण बिरामीहरूप्रति समर्पित गर्ने बताए । उनले तिलगंगा प्रतिष्ठानका सदस्यहरूलाई समेत धन्यवाद दिए । यो अवार्डले थप प्रतिबद्धताका साथ काम गर्ने हौसला मिलेको भन्दै डा. रुइतले आयोजक संस्थाप्रति आभार प्रकट गरे ।



# फाकफोकथूम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

आमचोक, इलाम

१ नं. प्रदेश, नेपाल

## एम्बुलेन्स खरिद सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/११/१०**

यस कार्यालयको आ.व २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार ख वर्गको चार पाङग्रे एम्बुलेन्स खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ उत्पादक तथा अधिकृत विक्रेता द्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद कार्यबिधि २०७४ बमोजिम (क्याटलग सपिङग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरूले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र letter of Authorization र आ.व २०७८/०७९ को आयकर चुक्ता प्रमाण पत्र वा सम्बन्धित कर कार्यालयबाट म्याद थप भएको पत्रको प्रतिलिपीहरू समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ खरिद उत्पादकको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा निम्न शर्तहरूको अधिनमा रही प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारिको लागि यस कार्यालयको वेवसाइट http://phakphokthummun.gov.np वा कार्यालयको फोन नं. ०२७-६९१४११ मा सम्पर्क राख्न सकिनेछ ।

**आपूर्ति गर्नुपर्ने सामानको विवरण:**

**Technical Specification of 4WD Ambulance (B-type)**

| S.N. | Criteria | Requirement | Offered specification |
|---|---|---|---|
| 1 | General | Three Doors Right Hand Four Wheel Drive Ambulance suitable for hilly rough road driving in Nepal. Gross Vehicle Weight should not be less than 2500 kg and shall have seating capacity for at least 5 passengers Including driver. Fuel tank capacity of minimum 50 liters. | Make :<br>Model :<br>Make : |
| 2 | Engine | 4-Stroke, water cooled Diesel Engine with Engine Capacity not less than 2500cc, developing Maximum rated power output not less than 60HP and maximum torque should not be less than 190 Nm@ rated rpm, shall equipped with accessories for efficient full load operation of SUV. | |
| 3 | Emission Standard | The emission standard of the offered vehicle must be in compliance with or superior than the applicable Standard as prescribed by Nepal Vehicle Mass Emission Standard 2069, which is to be certified by Department of Transport Management | |
| 4 | Gauges | To include Speedometer, odometer, temperature, fuel gauges etc. as necessary for efficient operation and maintenance. | |
| 5 | Clutch | Hydraulic/Single Dry Plate | |
| 6 | Transmission | Manual shift at least five forward and one reverse. Not more than 7m | |
| 7 | Turning Radius | High ground clearance preferred, minimum 180 mm. | |
| 8 | Ground clearance | Three Doors Right Hand Four Wheel Drive Ambulance suitable for hilly rough road driving in Nepal. Gross Vehicle Weight should not be less than 2500 kg and shall have seating capacity for at least 5 passengers Including driver. Fuel tank capacity of minimum 50 liters. | |
| 9 | Suspension | Double wishbone/telescopic/shock absorber/Anti roll bar/stabilizer bar/hydraulic double acting/five link type suspension/MacPherson/Multi-link. | |
| 10 | Tires | Standard radial size | |
| 11 | Steering | Power assisted | |
| 12 | Brakes | Front disc type, rear drum/disc type hydraulic operated on all wheels and parking brake. | |
| 13 | Body/cab | Two side doors and one rear door for patient & attendant at the rear of the jeep. All metallic cab with insulated roof. Laminated / tinted glasses windscreen, front windscreen washers and wipers, comfortable and adjustable seats for driver and co-passengers. Two sun visors, rear view mirror and two side view mirrors. | |
| 14 | Chassis and frame | Steel, heavy duty suitable for rough road conditions with towing hook | |
| 15 | Essential Accessories/Medical Equipment | 1. Head light, tail and rear light, reversing light and turn signals<br>2. Cabin lights<br>3. Speedometer/ odometer<br>4. Spare wheel with tire and tube/tubeless Suitable Jack with handle Stretcher<br>5. Suitable jack with handle<br>6.Stretcher<br>7. Siren<br>8. Revolving Light<br>9. Oxygen Cylinder Holder<br>10. Saline Bottle Holder<br>11. Wash Basin<br>12. B.P. Set, Stethoscope, Torch Light, Tongue De- pressure, IV Drips, Cannula and Syringes, ECG Monitor and Oxygen Monitor, Intubation Set, CPR Board, Ambu Bag, Nebulizer Set, Various Intubation Tubes and Laryngeal Tubes, Cervical Collars, Manual Suction Set, Delivery Sets, Splints, Dressing Dressing Sets, Haemostatic Sets, Catheterizations Sets, Oxygen Supply.<br>To be equipped with all accessories offered in standard model but not limited to the above items. | |
| 16 | Instructions | All signs instructions in the vehicle shall be in English. | |
| 17 | Manuals | One copy of the Operator's and Owner's instructions manual in English shall be supplied. | |
| 18 | Tools | A set of tools for general maintenance shall be supplied. | |
| 19 | Color | Standard | |
| 20 | Proven performance | 1. The Ambulance offered shall be a current model under standard production by the manufacturer.<br>2. The bidder shall provide the manufacturer's data of the performance of the unit to include the fuel consumption, performance curve of the engine and production capacity of the unit. | |
| 21 | Warranty | Manufacturer shall provide a minimum of one year warranty after acceptance. | |
| 22 | Delivery | Phakphokthung Municipality, Ilam | |

प्रमुख प्रशासकीय अधिकृत

# जलवायु परिवर्तन : न वर्षा न हिमपात

यस वर्ष हिमाली क्षेत्रमा आवश्यक मात्रामा मात्रै नभई हिमपात नै हुनसकेन । अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परेको देख्न सकिन्छ । हिमाली क्षेत्रमा हिमपात भएर सेताम्मे हिउँ देखिनुपर्ने समयमा काला पत्थर मात्रै देखिन्छ ।

■ नवीन लामिछाने

**मनाङ–** यस वर्ष हिउँदमा वर्षा हुनुपर्ने हो । तर, वर्षा हुन सकेको छैन । पहाड तथा तराईमा वर्षा नहुँदा हिमाली क्षेत्रमा पनि हिमपात हुनसकेको छैन । यस वर्ष हिमाली क्षेत्रमा आवश्यक मात्रामा मात्रै नभई हिमपात नै हुनसकेन । अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परेको देख्न सकिन्छ । हिमाली क्षेत्रमा हिमपात भएर सेताम्मे हिउँ देखिनुपर्ने समयमा काला पत्थर मात्रै देखिन्छ ।

हिउँले रुझेर यहाँका धुलो हिलाम्मे हुनुपर्ने समय हो । तर, यस वर्ष यहाँ मौसम प्रतिकूल भएर हिमपात हुनसक्ने सम्भाव्यता देखिए पनि हिउँ पर्न सकेन । मनाङमा हिमपात नहुँदा हिमाल कालापत्थर बन्दै गएको छ । हिमपात नभएपछि यहाँ कृषि क्षेत्रमा सिँचाइको अभाव देखिनेछ । पर्याप्त मात्रामा हिमपात भएको अवस्थामा यहाँ उत्पादन वृद्धि हुने गर्दछ । मनाङको तल्लो क्षेत्रमा वर्षा हुने र माथिल्लो क्षेत्रमा भारी हिमपात हुँदा यहाँको उत्पादन फस्टाउने गरेको किसान बताउँछन् ।

हिमाली जिल्ला मनाङमा यसपटक हिमपात भएको छैन । यस वर्ष बेमौसममा हिमपात भयो । तर, हिमपात हुने समयमा भने हिमपात हुनसकेन । मनाङमा गत वर्ष असोज तेस्रो सातामा नै हिमपात भएको थियो । यस समयमा खासगरी हिमपात हुने समय भने होइन । प्रायःजसो मंसिर अन्तिमदेखि हिमपात हुनुपर्ने हो । तर, हिमपात हुँदा जीवनयापनमा समस्या हुने भएकाले यहाँका स्थानीयवासी चिसो र हिमपात छल्न कात्तिक अन्तिम र मंसिर पहिलो साता बेँसी झर्ने गर्दछन् । उनीहरू काठमाडौं, पोखरा, बेँसीसहरलगायतका स्थानतर्फ जाने गर्दछन् । चिसो छल्न मनाङवासी बेँसी झरे पनि हिमपात हुने समयमा यसपटक हिमपात भएन ।



### किसान चिन्तित

हिमपातले हिउँदेबालीमा सिँचाइ हुने भए पनि नहुँदा सिँचाइको अभाव हुने र ढिला हिमपात हुँदा अन्नबालीको उब्जनी घट्ने भएकाले किसानका लागि समयमै हिमपातको महत्त्व रहेको छ । 'यहाँको मुख्य बाली आलु र करु हो । चैत, वैशाखमा लगाइने यी बालीलाई पुसमा हिउँ पर्नुपर्छ । तबमात्र माटो भिज्छ,' डिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय पशुपालक किसान याङदुङ गुरुङ भन्छन्, 'जमिन तातिएपछि हिउँ पर्नाले हिउँको पानी जमिनमुनि नपुग्दै माथि नै सुक्छ । चिस्यान नभए खेतीबालीलाई असर गर्छ ।' हिमपात हुनुपर्ने समयमा हिउँ नपरेका कारण यस वर्ष बाली राम्रो हुने अवस्था नभएको उनी बताउँछन् ।

उनका अनुसार समयमा हिमपात नहुँदा सबैभन्दा बढी स्याउ उत्पादनमा असर गर्छ । 'स्याउ फुल्ने भनेको फागुन, चैतमा हो । माघमा परेको हिमपातले स्याउको जरासम्म सिँचाइ हुन पाउँदैन, यसपटक त हिमपात नै भएन,' उनले भने । यसपटक उत्पादन नहुने उनी बताउँछन् । 'हिमाली क्षेत्रमा नै हिउँ परेन यहाँ अब पानीको हाहाकार हुने भयो खेतीबालीलाई, के भएको हो ? अहिलेसम्म यस्तो थाहा पाएका थिएनौं,' गुरुङले भने ।

'मंसिरदेखि नै प्रायःजसो हिमपात हुन्थ्यो । अहिले माघ महिनाको पनि आधा कटिसक्यो । तैपनि हिउँ परेको छैन,' नासों गाउँपालिका-५ थुतेन लामाले भने, 'आकाशमा अलिअलि मात्र बादल लाग्ने गरेको छ । हिउँपर्ने संकेत अझै कुनै छाँटकाँट देखिँदैन ।' तापक्रम भने निकै घटेर मौसम चिसिएको उनले बताए ।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कुञ्जो तेन्जिङ लामाले उच्च हिमाली क्षेत्रको बस्तीमा हिमपात नभएको बताए । कहिलेकाहीँ पानीको छिटा परे पनि हिउँपर्ने संकेत नदेखिएको लामा बताउँछन् । उनका अनुसार चार हजार २०० मिटर उचाइमा रहेको नार र चार हजार ५० मिटर उचाइमा रहेको फू गाउँ चिसोका कारण यतिबेला खाली भए पनि हिमपात भएको छैन । गाउँले सबै हिमपात र चिसो छल्न यसअघि नै बेँसी झरिसकेका छन् । मंसिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मतदानपछि सबै बेँसी झरेको उनले जानकारी दिए ।

'समयमा हिउँ नपर्दा खेतीबाली उत्पादनमा ह्रास आउने भयो,' लामाले भने । विगतमा हिमपात हुन्छ भनेर खाद्यान्न र पशुपक्षीका लागि घाँस व्यवस्थापन गरी बस्ने गरिन्थ्यो । यसपटक सोहीअनुसारको व्यवस्था गरिए पनि हालसम्म हिउँ नपरेको उनी बताउँछन् ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगाना खनालले मनाङमा हालसम्म जिल्लामा हिमपात नभएको जानकारी दिइन् । माथिल्लो मनाङमा हल्का हिमपात भए पनि आवश्यक मात्रामा हिमपात नभएको उनी बताउँछिन् ।

मनाङमा बस्ती रहेको सबैभन्दा तल्लो क्षेत्र एक हजार ७०० मिटर उचाइमा रहेको तालगाउँमासमेत यसअघि यो समय हिउँ पर्ने गर्दथ्यो । मनाङमा जेठमा फापर रोपिन्छ । चैततिर गहुँ, आलु र केराउ लगाइन्छ । मंसिर, पुसमा हिउँ परेमात्रै जमिनमुनि चिस्यान पुग्छ र खेतीपाती हुन्छ । अहिले हिउँ परेन खेतीबाली राम्रो हुँदैन । तापक्रम बढेपछि पर्ने हिउँ पग्लिएर माथिमाथि नै सुक्ने किसान बताउँछन् ।

### चिसोले पूर्वाधार निर्माणमा समस्या

हिमपात नभए पनि यहाँ चिसो बढ्दै गएपछि विकास निर्माणका कार्य गर्न रोकिन्छ । चिसो बढेसँगै माथिल्लो मनाङको पूर्वाधार निर्माणको काम पूर्णरूपमा ठप्प हुन्छ । गत वर्ष निरन्तरको वर्षाले क्षति पुऱ्याएको निर्माणाधीन भौतिक संरचना निर्माणका कार्य अहिले रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ । विशेषगरी माथिल्लो मनाङको सडक, पुल, हाइड्रोलगायतको विकास निर्माणका कार्य रोकिएको पूर्वाधार विकास कार्यालय मनाङका प्रमुख जय विष्टले बताए ।

'सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही कार्यनिर्माण भइरहेको छ । तर डिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधारको कार्य रोकिएको छ,' उनले भने । चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र डिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न नसकिएको विष्टले बताए । 'हिमपात नै नभए पनि चिसोले माथिल्लो मनाङतर्फको पूर्वाधार निर्माणका काम गर्न कठिन छ । यहाँको काम वर्षमा जम्माजम्मी तीन महिना मात्रै गर्न पाइन्छ,' विष्टले भने ।

मनाङको मेरुदण्डको रूपमा रहेको चामे-बेँसीसहर सडक खण्डको निर्माण कार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उनले बताए । प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको उनले बताए । यस सडकखण्डको निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिकरूपमा बजेट विनियोजन हुँदै आएको छ । मनाङको सहज यातायातका लागि सरकारले विशेषरूपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनियोजन गर्दै आएको छ ।

विपद्ग्रस्त जिल्लालाई समावेश गरेर संघ सरकारमार्फत विपद व्यवस्थापन विभागबाट तीन करोड १४ लाख रूपैयाँ बजेट विनियोजन भएपछि तालगाउँको संरक्षणको लागि तटबन्धन निर्माणको काम भने भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ । मनाङको तिमाङमा २२ करोड रूपैयाँको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ । निर्माण कार्य सकिने अवस्थामा जाडो मौसमले गर्दा केही ढिलाइ हुने भएको जनाइएको छ ।

### हिमाल कालापत्थर

हिमपात नभएपछि हिमशृंखला कालापत्थर देखिन थालेका छन् । हिउँले सेताम्मे ढाकिनुपर्ने हिमाल हिमपात नहुँदा पग्लिएर नांगिन थालेका छन् । पुसदेखि माघसम्म सेताम्मे देखिनुपर्ने हिमालमा यस वर्ष हिमपात हुन नसक्दा हिउँ पग्लिएर हिउँको मात्रा घट्दै गएका छन् । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्षरूपमा पारेको स्थानीयवासीको भनाइ छ । हिमपात नभएपछि हिमालको हिउँ पग्लिएको छ । हिउँ पग्लिएपछि हिमाल नांगिँदै गएका छन् । पछिल्लो वर्षमा हिमपात पर्ने समय नै परिवर्तन भएको छ । मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था आएको छ ।

हिउँ नपरेपछि यतिबेला अन्नपूर्ण दोस्रो, तेस्रो, चौथो, चलु फरेस्ट, हेम्लुङ, मनास्लु, निलगिरि, तिलिचो पिक, थोराङ पिकलगायतका हिमाल रङ उडेझैं फिक्का देखिन थालेका छन् । मौसमी हिमपात हुन छाडेर बेमौसमी हिमपात हुन थालेपछि स्थानीयवासीले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना मनाङका प्रमुख लेखनाथ गौतमले बताए । उनका अनुसार समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जंगली फूलहरूमासमेत त्यसको प्रभाव देखिएको छ ।

### पर्यटक घटे

हिमाली जिल्लामासमेत हिमपात नभएपछि हिउँ खेल्न आउने पर्यटक घटे । विगतका वर्षमा हिमपात हुनासाथ मनाङ आउने पर्यटक यस वर्ष आउने वातावरण बनेन । 'हिउँ परे हिमाल सेताम्मे हुन्थे, हिमपातपछि मौसम खुल्थ्यो, अहिले दिनहुँ हुस्सुमात्रै छ, हिमाल पनि हिउँविहीन देखिन थालेका छन्, मौसम यसरी नै बिग्रँदै जाने हो भने हिउँदमा हिमपात नै नहुने हो कि भन्ने कौतुहलता बढेको छ,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने ।

गत वर्ष पुस पहिलो साता नै हिमपात भएपछि हिउँ खेल्नका लागि पर्यटकको उल्लेख्य आगमन भएको उनले बताए । यस वर्ष हिउँ नपरेपछि पर्यटन व्यवसायसमेत प्रभावित बनेको उनको गुनासो छ । 'हिउँ खेल्न पर्यटक खचाखच हुन्थे, हिमपात नभएपछि सबै होटल सुनसान छन्, सुक्खा जाडोको कारण नेपाली पर्यटक पनि घुम्न आउन छाडेका छन्,' उनले भने । हिउँ नपरे पनि चिसो भने अत्यधिक बढेपछि जनजीवन प्रभावित बनेको छ ।

हिमपात भएपछि भने यहाँका पर्यटकीयस्थलमा पर्यटक भरिभराउ हुने गरेका थिए । जलवायु परिवर्तनको असर हिमालमा मात्रै होइन, जंगली फूलहरूमा पनि देखिन थालेको छ । चैत-वैशाखमा फूल्ने लालीगुराँस यस वर्ष पुसदेखि नै फुलेको देखिएको छ । जंगलमा लालीगुराँस पुसमै फुलेपछि स्थानीय अचम्मित बनेका छन् । मौसम परिवर्तन हुँदै गएको छ, भारी वर्षा र भारी चिसोको समस्या हरेक वर्ष बढ्दो छ, पानी र हिउँ समयमा पर्दैन, वनका फूल बेमौसममा फुल्न थालेका छन् । यो नै जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव भएको विज्ञहरू बताउँछन् । *रासस*

# कोभिडकालमा राखिएका पानी टचांकीको बेहाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना भाइरस (कोभिड-१९) महामारीको समयमा सार्वजनिकस्थलमा राखिएका पानी टचांकीहरू अहिले प्रयोगविहीन बनेका छन् । काठमाडौं महानगरपालिकाले कोरोना संक्रमणबाट बच्न साबुन पानीले हात धुने प्रयोजनका लागि विभिन्न स्थानमा टचांकी राखेको थियो । अहिले कोरोना महामारी हटेसँगै ती टचांकी प्रयोगविहीन बनेका हुन् ।





महानगरले राखेका पानी टचाङकीको अवस्था अहिले नाजुक बनेको छ । कतिपय ठाउँमा टचांकी नै छैनन् । भएका पनि जिर्ण अवस्थामा पुगेका छन् । ती टचांकीमा अहिले पानी हुँदैन । खाली टचांकीको व्यवस्थापन कसले गर्ने प्रश्न उठिरहको महानगरका एक अधिकारी बताउँछन् ।

महानगरले जडान गरेको तर बेवास्ताका कारण जिर्ण पानी टचांकीले महानगरको सौन्दर्यतामा पनि प्रभाव पारिरहेको देखिन्छ । काठमाडौंमहानगरपालिकालेमहानगरलाईसुन्दर सहर बनाउने भनिरहेका बेला जिर्ण पानी टचांकीले त्यसमा असर गर्छ कि गर्दैन भन्ने प्रश्न पनि उठेको छ । महानगरले कोरोना भाइरस तीव्ररूपमा फैलिरहेका बेला जडान गरेका पानी टचाङकी विपतमा मात्र नभई निरन्तर हुनुपर्ने सर्वसाधारणको भनाइ छ ।

सन् २०१९ डिसेम्बरको अन्त्यतिर चीनको वुहान सहरबाट कोरोना भाइरस सुरु भएको थियो । वुहानबाट सुरु भएको कोरोना भाइरस विश्वमा नै कहरका रूपमा फैलियो । जसबाट नेपाल पनि प्रभावित बन्यो । विश्व स्वास्थ्य संगठन डब्ल्युएचओले कोरोना संक्रमण नियन्त्रण गर्नका लागि जनस्वास्थ्यका विभिन्न मापदण्ड तय गरेको थियो । जसमा मास्क लगाउने, कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्ने, बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, भीडभाड नगर्ने, हावा आवतजावत हुने स्थानमा बस्ने र कोभिड-१९ विरुद्धको खोप लगाउनेलगायतका माडदण्ड बनाएको थियो । यी मापदण्ड नेपालमा पनि लागू गरिएको थियो ।

# बंगलादेशी राजदूतावासको कला कार्यशाला

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा नेपालस्थित बंगलादेशको राजदूतावासले कला कार्यशाला आयोजना गरेको छ । दूतावासमा मंगलबार आयोजित कार्यशालाको उद्घाटनमा बंगलादेशी राजदूत सलाहुद्दिन नोमन चौधरीले आफ्नो देशको इतिहास बारेमा अवगत गराउँदै यो दिवसको उद्देश्य सबै भाषाहरूको संरक्षणलाई महत्त्व दिनु रहेको बताए । 'भाषा र संस्कृतिको माया' मुख्य उद्देश्यसहितको कार्यशालामा उनले यो विषय राष्ट्रियतासँग जोडिएको उल्लेख गरे ।

यो दिवस संयुक्त राष्ट्रसंघको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) द्वारा सन् १९९९ मा बंगालीहरूले बंगलालाई आफ्नो राज्य भाषाका रूपमा स्थापित गर्न गरेको बलिदानको मान्यतामा चयन गरिएको थियो । विश्वका धेरै भाषाहरू अहिले लोप हुने खतरामा रहेको उल्लेख गर्दै राजदूत चौधरीले संरक्षणका लागि सबै सजग हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकूलपति किरण मानन्धर, पूर्वप्राज्ञ सुष्मा राजभण्डारीलगायतले देशका लागि भाषिक र सांस्कृतिक कार्यक्रमको महत्त्व हुने उल्लेख गर्दै नेपाल-बंगलादेशबीचको सम्बन्धका विभिन्न आयामका बारेमा चर्चा गरेका थिए । दूतावासको मुख्य आयोजना र आर्टबुमको सहकार्यमा सञ्चालित एकदिने कार्यशालामा करिब ४० कलाकारले विभिन्न चित्र बनाएका थिए । सो अवसरमा नेपाल-बंगलादेशबीचको सम्बन्ध जोड्ने वृत्तचित्र प्रदर्शन गरिएको थियो ।

# थप साढे ३ लाख मात्रा खोप आइपुग्यो

**काठमाडौं–** कोरोना भाइरस संक्रमणविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि थप खोप सोमबार नेपाल आइपुगेको छ ।

'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)ले कोभ्याक्समार्फत जर्मन सरकारले उपलब्ध गराएको खोप कतार एयरवेजबाट सोमबार बिहान आएको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा. सुरेन्द्र चौरसियाले जानकारी दिए । उनका अनुसार खोप सोमबार तीन लाख ४५ हजार ६०० मात्रा खोप आएको हो । यसअघि यही फागुन १ र फागुन ४ गते तीन लाख ४५ हजार ६०० मात्राका दरले नै खोप आएको थियो । गाभीले कोभ्याक्स सुविधामार्फत जर्मन सरकारले उपलब्ध गराएको फाइजरको 'बाइभ्यालेन्ट' खोप बुस्टर डोजका लागि मात्र प्रयोग गरिनेछ । नेपाललाई जर्मन सरकारले १५ लाख मात्रा खोप उपलब्ध गराउनेछ ।

सोमबार खोप आएसँगै बुस्टर डोजका लागि १० लाख ३६ हजार ८०० मात्रा खोप नेपाल आइसकेको छ । अब चार लाख ६३ हजार दुई मात्रा खोप आउन बाँकी छ । उक्त खोप फागुन ११ र १५ गते पनि ल्याइने मन्त्रालयले जनाएको छ । छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको संक्रमण फैलिँदै गएपछि सरकारले खोप माग गरेको थियो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### क्रिकेटले जगाएको आशा

राष्ट्रपति चयनको विषयले मुलुकको राजनीतिक माहोल तातिरहेका बेला राष्ट्रिय क्रिकेट टोलीले देशवासीलाई खुसी दिलाएको छ । राजधानीमा सम्पन्न आइसिसी विश्वकप लिग–२ अन्तर्गतको त्रिदेशीय सिरिजमा 'क्लिनस्वीप' गर्दै क्रिकेट टोलीले मुलुकको सान बढाएको छ । त्रिकोणात्मक सिरिजअन्तर्गतका चारवटै खेलमा लगातार जित हात पार्दै नेपालले इतिहास रचेको हो । यसका हकदार सम्पूर्ण खेलाडीहरू बधाई एवं धन्यवादका पात्र बनेका छन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले सिरिजको अन्तिम खेल मंगलबार स्कटल्याण्डसँग खेलेको थियो । उक्त खेलमा कप्तान रोहित पौडेल र पूर्वकप्तान सन्दीप लामिछानेको सानदार प्रदर्शनमा लिग विजेता स्कटल्याण्डलाई पराजित गरेको छ । उक्त जितसँगै नेपालले स्कटल्याण्ड र नामिबिया सम्मिलित त्रिकोणात्मक सिरिजको उपाधि हात पारेको छ । नेपालले स्कटल्याण्ड र नामिबियाविरुद्धका दुई/दुई गरी चार खेलमा लगातार जित पारेर इतिहास रचेको छ ।

स्कटल्याण्डलाई पराजित गरेको नेपालले आफ्नो एकदिवसीय क्रिकेटको इतिहासमा पहिलोपटक लगातार चार खेल जितेको हो । नेपाल लिग–२ अन्तर्गतको त्रिदेशीय सिरिजमा सतप्रतिशत नतिजा निकाल्ने पहिलो टोलीसमेत बनेको छ । यस्तै नेपाल विश्वकप लिग–२ को पूरा सिरिजमा स्कटल्याण्डलाई लगातार दुई खेलमा पराजित गर्ने पहिलो टोली पनि बनेको छ ।

यो सफलताले नेपाली क्रिकेटको आगामी यात्रामा सकारात्मक आशा जगाएको छ । नेपाल अर्को साता युएईमा हुने त्रिकोणात्मक सिरिजका लागि जाँदै छ । उक्त सिरिजमा युएई र दुई/दुई खेल खेल्ने तालिका रहेको छ । पहिलो खेलमा आगामी सोमबार पपुवान्युगिनीको सामना गर्नेछ । लिगका अन्तिम चार खेल नेपालमै २५ फागुनदेखि सुरु हुनेछ । त्यसमा पनि नेपाल, युएई र पपुवान्युगिनीबीच खेल हुनेछ ।

विश्वकप लिग–२ मा नेपाल २६ अंकका साथ छैटौं स्थानमा छ । २८ खेलमा १२ मा जित र १४ मा हारसहित नेपाल उक्त स्थानमा रहेको हो । बाँकी रहेको आठ खेलमध्ये कम्तीमा छ खेल जित हात पार्न सके नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता कायम हुनेछ । स्कटल्याण्ड ३६ खेलमा २४ जित र १० हारका साथ ५० अंक जोडेर लिग च्याम्पियन बनिसकेको छ ।

युएई जाने टोलीमा लामिछाने जाने लगभग अनिश्चित छ । बलात्कार अभियोगमा जेल परेका उनलाई अदालतले देशबाहिर जान नपाउने गरी धरौटीमा रिहा गर्ने आदेश दिएको थियो । त्यही कारण उनी युएई जान पाउने छैनन् । यद्यपि, उनले विदेशमा क्रिकेट खेल्नबाट रोक लगाउने आदेशविरुद्ध सर्वोच्चमा निवेदन दिएका छन् । सर्वोच्चले आगामी १२ गते त्यसको पेसी तोकेको छ । यदि सर्वोच्चले लामिछानेलाई विदेशमा खेल्न पाउने आदेश दिएमा युएईमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा क्रिकेटप्रेमीहरूले गरेका छन् । यद्यपि, मुद्दाको किनारा नलाग्दै लामिछानेलाई राष्ट्रिय टिममा समेटेकोप्रति नेपाल क्रिकेट संघ (क्यान)को सर्वत्र आलोचना भइरहेको छ ।

घरेलु मैदानमा प्राप्त ऐतिहासिक सफलतालाई आगामी दिनमा पनि निरन्तरता दिने अपेक्षा गर्न सकिन्छ । किनभने, यसपटक गरेको उत्कृष्ट प्रदर्शनले नेपाली टिम लयमा रहेको संकेत गरेको छ । यसले निरन्तरता पाओस्, जसका लागि सबैले क्रिकेट खेलाडीहरूलाई हौसला दिऔं । यसमा क्यान र सरकारले अझ बढी भूमिका खेल्न जरुरी छ ।

पुनः नेपाली टोलीलाई बधाई ।

## मननयोग्य

### चाणक्य नीति

यो विशान राज्य जरो अब यति बलियो भइसक्यो, शताब्दीसम्म कसैले यसपछि आँखा उठाएर हेर्न सक्तैन । यो साम्राज्य मजबूत हो यो पनि जान्छु मेरो ठाउँमा अत्यन्त गुणी चरित्रवान देशभक्त राक्षस महामात्य पदमा बस्छन, यो चाणक्यको अन्तिम इच्छा हो। राक्षस महामात्य पदमा बस्नेछन् भनी चाणक्यले आत्मविश्वाससँग भने ।

'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान् । किन कि, बारम्बार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा बसिरहेको छ' चन्द्रगुप्तले पीडित हुँदै भने ।

"होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ ।' म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे । एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे ।

राक्षस झ्याम्म परेको एउटा स्मृति ढुंगामा आसन जमाई ध्यानमग्न थिए । घोडाको टापको आवाज सुनी ध्यान भंग भयो । झस्केर अगाडि हेरे । देखे एउटा रथ तीव्रगतिले उनीतिर आउदैछ ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । 'चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु । किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ ।' राक्षस केही क्षोभले बाले-'अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?' क्रमशः

कुडा कर्णालीका : सुशासन र विकास-१

# लघुताभाषबाट माथि उठौं



डा. अंगराज तिमिल्सिना

विकास र समृद्धिका लागि वास्तवमै के आवश्यक रहेछ त ? राजनीतिक स्थायित्व ? विकासका प्राथमिकताहरूको सही पहिचान ? सुशासन ? वित्तीय अनुशासन र भ्रष्टाचार निवारण ? ठूलो लगानी र स्रोतको परिचालन ? संघीयताको सफल कार्यान्वयन ? प्रदेश-प्रदेशबीच र समाज-समाजबीचको आर्थिक र सामाजिक असमानता घटाउने नीति ? राज्यको स्रोत, साधन र नीति बनाउने तहमा पिछडिएको क्षेत्रको प्रतिनिधित्व ? विकास र समृद्धिका लागि भूराजनीति र अन्तर्राष्ट्रिय सम्बन्धको कतिको भूमिका हुन्छ ?

यी सबै विषय त्यत्तिकै महत्त्वपूर्ण छन् तर प्रसंग कर्णालीलाई विकासको सपना देख्ने हक छ भन्ने कुराबाट उठाउन चाहन्छु । विकासको सपना देख्ने हक कर्णालीलाई पनि छ ।

दुर्गम र पिछडिएको ठाउँमा जन्मिनुमा हरेकको आफ्नो संघर्षको इतिहास त छँदै छ । एउटा रोचक कुरा के भने काठमाडौंतिर मलाई चिन्नेले यो बाजुराको हो भनेर पचाइसके तर कुनै नयाँ मान्छेसँग परिचय हुँदा अझै पनि 'ओ' भन्ने गरेको सुनिन्छ । यसैबाट समाज र राज्यको मूलधारमा आउन अहिले पनि दुर्गम र पिछडिएको समाजको संघर्ष जारी रहेको प्रस्ट हुन्छ। कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेश पछि पर्नुमा केन्द्रको शक्ति, पहुँच र स्रोतको पनि भूमिका छ । तर, मलाई १०० भन्दा बढी देश हेरिसकेपछि लाग्यो, पछाडि पर्नुमा हाम्रै मानसिकता र सोचमा पनि समस्या छ ।

मुख्य समस्या लघुताभाषबाट माथि उठ्नुपर्ने समस्या । अहिलेको २१औं शताब्दीको युगमा भूगोल र प्राकृतिक अवस्थिति, संस्कृति र समाजको ऐतिहासिक पृष्ठभूमि आदि समस्या होइनन्, मौका पनि हुन् । 'तर, कर्णाली पिछडिएको छ, चामल, नुन वा सिटामोलका लागि रोइकराइ गर्नुपर्ने अवस्थामा के गर्न सकिन्छ र ?' भन्ने मानसिकताबाट माथि उठेर २१औं शताब्दीको विकास र समृद्धिको सपना कर्णालीले देख्न सक्नुपर्छ र यो सपना देख्ने हक कर्णालीलाई छ । त्यत्रो नरसंहारबाट गुज्रिएको रूवाण्डा अहिले विश्वमा विकास र प्रगतिको 'साइनिङ इक्जाम्पल' बनिरहेको छ ।

अर्कोतिर नेपालले आफ्नो 'पोटेन्सियल' (सम्भाव्यता) अनुसार विकास र समृद्धिमा सक्नेजति गर्न सकेन होला, तर मैले आफैंले देखेका १०० वटाभन्दा बढी देशको अवस्था हेर्दा हामी अहिले नै धेरै निराशावादी हुने अवस्था पनि देखिँदैन । जस्तो कि, विश्वको ऊर्जा बजारको ३० प्रतिशत माग १२-१३ वटा अफ्रिकी महादेशका देशहरूले धानेका छन् भने ५० प्रतिशत तिनै देशको जनसंख्याको बिजुलीमा पहुँच छैन । प्राकृतिक स्रोत र साधनले धनी मानिने अफ्रिकी महादेशका एकतिहाइ देश अहिले कुनै न कुनै खालको गृहयुद्धमा छन् । नेपालले २०६२/६३ को जनआन्दोलनपछिको १८-१९ वर्ष राजनीतिक संक्रमणमै बितायो तर एउटा उपलब्धि नेपालमा गृहयुद्धको अन्त्य र शान्तिको स्थापना पनि हो । अहिले हामी सक्रिय युद्धमा छैनौं । गृहयुद्धको नेतृत्व गर्नेसँग नै सरकार चाबी छ ।

अर्को कुरा लघुताभाषबाट माथि उठ्नुको अर्थ एकातिर हाम्रो पनि विकास सम्भव छ भन्ने ठूलो सपना बोक्नु हो भने अर्कोतिर विकासको लक्ष्य के राख्ने भन्ने पनि हो । मैले लघुताभाषबाट माथि उठ्नुपर्छ भन्नुको अर्को उद्देश्य कर्णालीले विकास र समृद्धिको लक्ष्य तय गर्दा कर्णाली हिजो कहाँ थियो वा आज कहाँ छ भनेर मात्र हेरेर पुग्दैन । कर्णालीले अहिलेको बागमतीभन्दा माथि जाने लक्ष्य राख्न सक्नुपर्छ । किनकि, विकास र समृद्धिका आँकडा हेर्दा कर्णालीको 'बेस' (आधार) नै कमजोर छ । नेपालको कूल गार्हस्थ उत्पादनमा कर्णालीको अंश चार प्रतिशतजति छ ।

गरे हुन्छ भन्ने उदाहरण हेर्न धेरै टाढा जानु पर्दैन । भारतको सबैभन्दा कान्छो र आर्थिक विकासका दृष्टिले पिछडिएको मानिएको झारखण्ड राज्य अहिले विकास र समृद्धिको उदाहरण बनिरहेको छ । गत ८ वर्षमै झारखण्डले उसको कूल गार्हस्थ उत्पादन दुई गुणा बनायो भने सन् २०२१ मा यो राज्यको आठ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर रहेको छ ।

तर, कुनै पनि प्रदेश वा राज्यको विकास र समृद्धिका लागि प्रदेशले के गर्ने, संघले के गर्ने भन्ने कुरा आफ्ना ठाउँमा छन्, तर विश्वको राजनीति, भूराजनीति, शक्ति सन्तुलन आदिको पनि भूमिका रहन्छ । उसै पनि अहिले विकासशील देशहरू लगानी वा वैदेशिक सहायता भित्र्याउन प्रतिस्पर्धा गरिरहेको अवस्था छ ।

> लघुताभाषबाट माथि उठ्नुको अर्थ एकातिर हाम्रो पनि विकास सम्भव छ भन्ने ठूलो सपना बोक्नु हो भने अर्कोतिर विकासको लक्ष्य के राख्ने भन्ने पनि हो । मैले लघुताभाषबाट माथि उठ्नुपर्छ भन्नुको अर्को उद्देश्य कर्णालीले विकास र समृद्धिको लक्ष्य तय गर्दा कर्णाली हिजो कहाँ थियो वा आज कहाँ छ भनेर मात्र हेरेर पुग्दैन । कर्णालीले अहिलेको बागमतीभन्दा माथि जाने लक्ष्य राख्न सक्नुपर्छ । किनकि, विकास र समृद्धिका आँकडा हेर्दा कर्णालीको 'बेस' नै कमजोर छ । नेपालको कूल गार्हस्थ उत्पादनमा कर्णालीको अंश करिब चार प्रतिशतमा सीमित छ ।

**विकास र समृद्धिको अन्तर्राष्ट्रिय आयाम**

अहिलेको भूमण्डलीकरण, नयाँ प्रविधि र भूराजनीतिको युगमा लगानी, पूर्वाधार निर्माण, व्यापार, पारवाहन आदिमा जति कर्णालीको विकास देशको शक्तिकेन्द्र वा काठमाडौंसँगको पहुँच, शक्ति सन्तुलन, नीति र प्राथमिकतासँग जोडिएको छ, त्यति नै कर्णालीको विकास विश्वको राजनीति, भूराजनीति, आर्थिक स्थितिसँग पनि जोडिएको छ ।

जस्तो कि विकासका लागि ठूलो लगानीको कुरा छोडिदिउँ, यो आर्थिक वर्षमा नेपालको राजस्वको अवस्था यति कमजोर छ कि राजस्वले कर्मचारीको तलबसम्म खुवाउन सकिने अवस्था नभएर आन्तरिक ऋणबाटै खर्च धान्नुपर्ने अवस्था छ । सरकारले नै बैंकहरूबाट कर्जा लिए, निजी क्षेत्रले कर्जा कताबाट पाउने ? यसै पनि ब्याजको अवस्था चर्को छ र मूल्यवृद्धि १०-१२ प्रतिशत पुग्ने आकलन छ ।

विदेशमा काम गर्नेहरूले देशमा पैसा नपठाउने भए देश पोहोर नै श्रीलंका बनिसक्थ्यो तर रेमिटचान्स (विप्रेषण)को पनि आफ्नै अर्थशास्त्र छ। हामी 'रेमिटचान्स कोर्ष'मा फसेका छौं अर्थात् यही 'रेमिटचान्स'ले अर्थतन्त्र जोगाएको छ भने यसैमा आश्रित भएका कारणले कृषि, उद्योग आदि क्षेत्रको उत्पादनमा भड्को मार्न सकिएको छैन । कर्णालीका धेरै ठाउँमा विदेश निर्यात गर्न सकिने 'अर्ग्यानिक कृषि' (जैविक खेती)को प्रचुर सम्भावना छ भने हामीचाहिँ भारतबाट आयातीत चामल र नेपालमै उत्पादित चाउचाउको दाल बनाएर गुजारा गरिरहेका छौं ।

कर्णालीको पूर्वाधारण निर्माणमा ठूलो भड्को मार्ग कताबाट स्रोत जुटाउन सकिएला भन्ने कुरा गर्दा अहिले विश्व बहुआयामिक संकटबाट गुज्रिरहेको कुरालाई र यसले नेपाललाई पार्ने असरका बारे ध्यान दिन जरुरी छ । कोरोना संकटपछि विश्व अर्थतन्त्रमा आर्थिक मन्दी आउने संकट, युक्रेन र रुसबीचको युद्धले ल्याएको मूल्यवृद्धि, खाद्यान्न, इन्धन आदिको संकट, अमेरिका-चीनबीच शक्तिको प्रतिस्पर्धाले ल्याएको भूराजनीतिक संकट, कार्वन र अरु ग्यासको उत्सर्जनले ल्याएको जलवायु परिवर्तनको संकट, विश्वका करिब एकतिहाइ विकासशील देशहरूमा मडारिएको सार्वजनिक ऋणको संकट बहुआयामिक संकटहरूका कारण विश्व नै अहिले 'डेभलभमेण्ट इन रिभर्स्' अर्थात् विकासको उल्टो गतिमा छ ।

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको मानव विकास रिपोर्टका अनुसार विश्वका १० वटामा नौ वटा देशको मानव विकास सूचकांक उल्टोतिर फर्केको अथवा घटिरहेको छ । गत दुई दशकमा विश्वले गरिबी निवारणमा ठूलो फड्को मारेको थियो भने गत वर्षदेखि विश्वमा ९-१० करोडले जनसंख्या फेरि चरम गरिबीको रेखामुनि धकेलिएको छ। विश्व 'डेमोक्रेटिक डिक्लाइन्' अर्थात् लोकतान्त्रीकरणको उल्टो बाटो वा प्रतिगमनतिर धकेलिँदै छ । सन् २०२२ मा करिब आधा प्रजातान्त्रिक मुलुकहरूमा प्रजातन्त्र कमजोर देखियो भने निरंकुशतन्त्रहरू अझै बलिया बन्दै गएका छन् ।

युक्रेन र रुसबीचको युद्ध रुस र पश्चिमेली देशहरूबीचको 'प्रोक्सी वार' अर्थात् अप्रत्यक्ष युद्धजस्तै छ । अहिले पश्चिमेली देशहरूले युक्रेनलाई 'टचांक'देखि लडाकू विमान दिने कुरा गरिरहेका छन् भने रुसले युक्रेनकै लागि भनेर पाँच-छ लाखलाई सेनामा भर्ती गर्दै छ। यो युद्ध कहिलेसम्म चल्छ, यदि आणविक हतियार प्रयोग भयो भने के हुन्छ ? के यो चीन र रुस एकतिर अनि पश्चिमेली देश अर्कोतिर भएर विश्वयुद्ध होला त ? भन्ने बहस चलिरहेको छ। रुस-युक्रेनको युद्धका कारण दाताहरूले दिने वैदेशिक सहायता घटिरहेको छ ।

यो युद्धले कुनै न कुनै रूपमा नेपाललाई असर पारेको छ। इन्धन, खाद्यपदार्थ आदिको मूल्य बढेको त छँदै छ, नेपाल कतातिर फर्किने भन्ने समस्या छ।

छिमेकी चीनले रुसलाई पूर्ण समर्थन गरेको छ भने छिमेकी भारत पनि अप्रत्यक्षरूपले रुसतिर ढल्किएको जस्तो छ । अमेरिका र पश्चिमेली मुलुकहरूको सहयोग चाहिने नेपालले आफ्नो




वैदेशिक नीतिमा सन्तुलन ल्याउन त्यति सजिलो छैन । यसै पनि हाम्रो घरेलु राजनीतिले अक्सर भूराजनीतिलाई सक्रिय बनाएको छ ।

चीन र भारतबीच पनि आफ्नै भूराजनीतिक प्रतिस्पर्धा छ । भारत प्रशान्त महासागरीय क्षेत्रमा चीनलाई टक्कर दिन अमेरिका, भारत, अस्ट्रेलिया र जापानको चारदेशीय सुरक्षा संयन्त्र (क्वाड्)मा संलग्न छ भने नेपाललाई विभिन्न सुरक्षा संयन्त्रमा तान्ने प्रयास जारी छ ।

पछिल्लो समय शक्ति राष्ट्रहरूले आफ्नो सुरक्षालाई व्यापार, लगानी र विकास सहयोगसँग गाँसेर हेर्ने वा प्रचार गर्ने गरेको पनि देखिन्छ ।

जलवायु परिवर्तन सम्पूर्ण मानव जातिका लागि चुनौती हो भने नेपालको भौगोलिक वनोट, विकासमा पछौटेपन र छोटो दूरीमासमेत देखिने तापक्रम भिन्नताले जलवायु परिवर्तनले नेपाललाई झन् ठूलो चुनौती थपिदिएको छ । नेपाल जलवायु परिवर्तनको असरका आधारमा धेरै असर पर्ने र हरितगृह ग्यास सबैभन्दा कम उत्सर्जन गर्ने देशमा पर्छ । 'ग्लोबल क्लाइमेट रिस्क इण्डेक्स'का अनुसार, नेपाल विश्वमा चौथो जोखिममा पर्छ । अरू तीन वटामा पोर्टोरिको, श्रीलंका र डोमिनिका पर्छन् । बढ्दो तापक्रमले मनसुनजस्ता मौसम प्रणाली खलबलिँदै जाने छन्; समुद्र नजिकका बस्तीहरू डुब्दै जाने र अरू बस्ती मौसममा आउने अधिक परिवर्तनका कारण आगलागी, डढेलो, खडेरी, बाढीपहिरो, अतिवृष्टि, हावाहुरी, हिमताल विष्फोटन आदि प्राकृतिक विपत्तिको सिकार बन्ने छन् ।

नेपालको चुनौती के भने, जलवायु परिवर्तनको असर अरू देशमा भन्दा बढी छ तर क्षतिको निराकरण गर्ने क्षमता र स्रोत अत्यन्त न्यून । क्षमताका हिसाबले विपत् व्यवस्थापनमा पछि छ नै, पर्यावरण र भौगोलिक अवस्था नहेरेर अन्धाधुन्ध सुरु गरिएका विकासका कामलेसमेत कर्णालीको विकास जोखिममा छ ।

व्यापार र लगानीको चर्चा गर्दा कोरोनाकालमा थला परेको यो क्षेत्र पहिलेकै रूपमा आउन अझै समय लाग्ने देखिन्छ। जस्तो कि चीनतिरको व्यापार अझ सहज भएको छैन भने विश्वमा लगानीका लागि उपलब्ध स्रोत नभएको होइन । आर्थिक सहयोग र विकास संगठन (ओइसिडी)का अनुसार कोरोनाका कारण विकासका लागि विकासशील देशलाई सरकारी, निजी र गैरसरकारी क्षेत्रबाट उपलब्ध हुनसक्ने रकम १७ प्रतिशतले घटेर ३.९ ट्रिलियन डलरमात्र पुगेको छैन्, यी देशमा लगानी गर्न शासकीय र संस्थागत जोखिम धेरै भएकाले यो रकमको एकतिहाइ पनि विकासशील देशमा आउन सकेको छैन ।

माथिको पृष्ठभूमिलाई हेर्दा विकास र समृद्धिमा नयाँ स्रोत जुटाउन चुनौतीपूर्ण त छँदै छ, नेपालका लागि र कर्णाली प्रदेशका लागि भएको स्रोतलाई कसरी प्रभावकारीरूपले सदुपयोग गर्ने भन्ने हो जसका लागि विकासका प्राथमिकताको उचित पहिचान गर्ने क्षमता र एउटा-एउटा रूपैयाँको सही सदुपयोग गर्नसक्ने सुशासनको प्रत्याभूति चाहिन्छ ।

**भूराजनीतिबाट कर्णालीले कसरी फाइदा उठाउला ?**

माथि वर्णन गरिएका बहुआयामिक संकटहरूका बाबजुद हाम्रा छिमेकी भारत र चीनले कायम गर्न सकेको आर्थिक वृद्धि नेपालका लागि 'सिल्भर लाइनिङ' अर्थात् आशाको किरण हो। अहिले विश्वमा अन्तरदेशीय विकासलाई जोड्न 'कनेक्टिभिटी'का तीनवटा 'वे'- हाइवे, इन्फोवे, ट्रान्सवे अर्थात् यातायात, डिजिटल प्रविधि र बिजुलीको उदाहरण दिइन्छ । चीन र भारतजस्ता दुई ठूला देशका बीचमा अवस्थित नेपाल 'भूपरिवेष्ठित' (ल्याण्ड लक्ड) होइनन् 'भूजडित्' (ल्याण्ड लिंक्ड)' हो भनेर हाम्रो विकास अगाडि बढाउन जरुरी छ ।

तर, माथि भनिएका तीनवटै 'वे'लाई हेर्दा कर्णालीको अवस्था भूपरिवेष्ठित देशभित्रको पनि भूपेरिवेष्ठित प्रदेशको अवस्था छ । भारत र चीन जोड्ने तीनदेशीय सडकको कुरा छोडौं, १२ महिना चल्ने (अल सिजन रोड) एउटा पनि छैन । कर्णाली राजमार्गले 'ज्यानमारा राजमार्ग'को उपमा पाएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार नेपालको कूल जनसंख्याको झण्डै ९२-९३ प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुग्यो भनिन्छ, तर कर्णालीका ५६-५७ प्रतिशत जनता अझै बिजुलीको पहुँचबाट टाढा छन् । मोबाइल र कम्प्युटर दुवै गरेर नेपालको जनसंख्याभन्दा पनि बढी अर्थात् तीन करोड ४१ लाख इन्टरनेट प्रयोगकर्ता छन् भनेको छ नेपाल दूरसञ्चार प्राधिकरणले । तर, कर्णालीमा अझै पनि भरपर्दो टेलिफोन सेवा छैन ।

**छिमेकी फेर्न सक्दैनौं, सम्बन्ध बलियो बनाउन सक्छौं**

नेपालभित्रको राजनीतिक अस्थिरता र विश्वको बदलिएको शक्ति सन्तुलनका कारण नेपाल भूराजनीतिक द्वन्द्वमा धकेलिने हो कि भन्ने चिन्ता एकातिर छँदै छ, तर कोरोना संकटले दुईवटा कुरा सिकायो । एउटा, देश खाद्य, ऊर्जा (बिजुली, ग्यास, पेट्रोल आदि) र औषधिमा कम्तीमा पनि आत्मनिर्भर हुनुपर्ने नभए छिमेकीसँग राम्रो सम्बन्ध हुनुपर्ने देखायो । आखिर भारत र चीन दुवैले नेपाललाई खोप, अक्सिजन, औषधि, ग्यास-पेट्रोल, खाद्यान्न आदिमा सहयोग नगरेका भए हाम्रो अवस्था के हुन्थ्यो ?

कृषिदेखि ऊर्जासम्म, सडकदेखि पर्यटनसम्म भारत र चीन दुवैबाट लगानी भित्र्याउन सके कर्णालीको विकासले कर्णालीलाई कर्णालीबाहेकको नेपालसँग मात्र जोड्न सहयोग गर्ने छैन, यसले भारत, नेपाल र चीनसमेत जोड्न सहयोग गर्ने । यसका लागि संघ र प्रदेश दुवै सरकारको सहकार्य आवश्यक छ । सुर्खेत-हिल्सा द्रुतमार्ग (फास्टट्र्याक)लाई चीनको बिआरआई (बेल्ट एण्ड रोड इनिसियटिभ)मार्फत बनाउन सकिने सम्भावना वा कर्णालीका जलविद्युत् परियोजनाका लागि भारतको लगानी जुटाउने सम्भावनाहरू यसैका उदाहरण हुन् ।

***(डा.तिमल्सिना विकास तथा सुशासनविज्ञ हुन् । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित कर्णाली उत्सवको चौंथो संस्करणअन्तर्गत शनिबार (फागुन ६)को कार्यक्रममा तिमल्सिनाले 'सुशासन र विकास' विषयमा दिएको प्रवचनको पहिलो भाग ।)***

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# औषधि अभावले बिरामीलाई समस्या



■ सर्जना कार्की

**रुकुम (पूर्व)–** रूकुम (पूर्व) अस्पतालमा पर्याप्त औषधि नहुँदा बिरामी समस्यामा परेका छन् । जिल्ला अस्पतालमै सामान्य खालको औषधि पर्याप्त पाउन छोडेपछि बिरामी समस्यामा परेका हुन् ।

जिल्लाको सिस्ने गाउँपालिका-५ स्थित सो अस्पतालमा दैनिक ५० देखि ७० हाराहारीमा बिरामी आउँछन् । अस्पतालमा जाँच गराएर कागजपत्र हातमा थमाइदिएपछि बिरामी औषधि किन्न सिधै मेडिकल जानुपर्ने अवस्था छ । वि.सं. २०७४ पुस ७ गते पहिले रूकुमकोट स्वास्थ्यचौकी भएको ठाउँबाटै जिल्ला अस्पतालको सेवा प्रवाह गर्ने घोषणा गरियो । सोहीअनुसार सिस्ने-५ को स्वास्थ्यचौकीलाई अर्को ठाउँमा स्थानान्तरण गरेर पहिले रुकुमकोट स्वास्थ्यचौकी रहेको ठाउँमा २०७६ मंसिर ५ गते तत्कालीन मुख्यमन्त्री शंकर पेखरेलले अस्पताल उद्घाटन गरे ।

७७औं जिल्लाका रूपमा स्थापना भएको रुकुम (पूर्व)मा स्थापना भएको अस्पतालबाट गुणस्तरीय र सर्वसुलभ तरिकाले सेवा पाउला भनी आशमा बसेका जिल्लावासीको सपना अहिलेसम्म पूरा नभएको सिस्ने गाउँपालिका-५ का बलबहादुर शाही बताउँछन् । आफू अस्पतालसम्म जाँदा पनि आवश्यक औषधि नपाउने गरेको र अस्पतालबाट फर्कंदै गरेका धेरैको मुखबाट पनि औषधि नपाएर फर्केको भेट्ने गुनासो सुन्ने गरेको उनको दुखेसो छ ।

सिस्ने गाउँपालिका-६ का वसन्तप्रकाश श्रेष्ठले औषधि र आवश्यक जनशक्तिको अभावले भनेजस्तो सेवा प्रवाह हुन नसकेको गुनासो गरे । उनी भन्छन्, 'अस्पतालको प्रशासन फितलो छ । यसको अनुगमनको संयन्त्र छैन कि जस्तो महसुस गरेको छु ।'

पुथाउत्तरगंगा गाउँपालिका-७ की सुनिता पुनले औषधि अभावको समस्या अझै समाधान नभएको टिप्पणी गरिन् । यहाँ औषधि नपाइएपछि चिकित्सकले निजी मेडिकल र रुकुम (पश्चिम) सल्ले अस्पतालतिर पठाउने गरेको उनको भनाइ छ । पेल्माकी सुनिता नेपालीले आफू दुईदेखि तीन दिनको बाटो हिँडेर बिरामी रुकुम (पूर्व) अस्पतालसम्म पुर्‍याउने गरेको बताउँदै यहाँबाट अन्त 'रिफर' गरिदिँदा साह्रै दुःख लाग्ने गरेको सुनाइन् ।

पर्याप्त औषधि नहुँदा आएका बिरामीलाई जाँच गर्दै उपलब्ध औषधि दिएर अरू मेडिकलबाट किन्नु भनेर पठाउने गरेको अस्पतालका चिकित्सक पूर्णबहादुर पुनले बताए । स्वास्थ्यचौकीको भवनबाटै जिल्ला अस्पतालको सेवा प्रदान गरिरहेको र औषधि अभाव हुँदा बिरामीको उपचारमा समस्या भइरहेको उनले बताए । 'सरकारले ९८ प्रकारका औषधि निःशुल्क अस्पतालबाट बिरामीलाई उपलब्ध गराउँछ,' डा. पुनले भने, 'यो अस्पतालमा ती सबै औषधि व्यवस्थाको कुरा त परको हो, अहिले मुस्किलले ४०/४२ प्रकारको मात्र पाइन्छ ।'

उनले थपे, '५० शयचाको अस्पतालमा भौतिक संरचना अभावले १२ बेड छन् । सामान्य अवस्थामा अस्पतालमा भर्ना हुने बिरामीलाई यत्तिले धान्दै आए पनि कहिलेकाहीँ दुर्घटना हुँदा घाइतेलाई बाहिर राखेर उपचार गर्छौं ।' उनले ११ विशेषज्ञ चिकित्सकको दरबन्दीमा एकजना मात्र अस्पतालमा उपलब्ध रहेको जानकारी दिए । छ मेडिकल अधिकृतको दरबन्दीमा दरबन्दीबाट एक, छात्रवृत्ति करार र एनएसआईबाट दुई-दुई जना छन् । 'एक मेडिकल अधिकृत गणेश चौधरी पढ्न बाहिर हुनुहुन्छ । दरबन्दी अनुसारको कर्मचारी, भौतिक संरचना, औषधिको अपर्याप्तताले सेवा प्रवाहमा समस्या हुँदा सेवाग्राहीबाट पटकपटक आलोचित हुनुपरेको छ,' डा. पुनले भने ।

कतिपय समस्याले अस्पतालको सेवा प्रवाह प्रभावकारी बन्न नसकेको अस्पतालका फार्मेसी सहायक विश्वनाथको भनाइ छ । 'अहिले एन्टिबायोटिक औषधिसँगै इमरजेन्सी इन्जेक्सन छैन,' उनले भने, 'बच्चाका लागि पल्स अक्सिमिटर, अक्सिजन र नेबुलाइजर मास्क छैन ।' थप औषधि तत्काल आउने छाँटकाँट नदेखिएको उनको भनाइ छ । अस्पताल व्यवस्थापन समिति, स्थानीय सरकार र प्रदेश सरकारसँग पटक-पटक अस्पतालको समस्या राख्दै आए पनि समाधान नभएको अस्पतालले जनाएको छ ।

यहाँ केही समयअघिबाट शल्यक्रिया सेवा सुरु भएको छ । यो सकारात्मक पक्ष हुँदाहुँदै डिजिटल एक्स-रे सेवा नियमित सञ्चालनका लागि जेनेरेटर नहुँदा बत्ती आउँदा मात्र सञ्चालन गर्न सकिएको चिकित्सक पुनले बताए । भएका सामान भण्डारण गर्न कोठा नहुँदा एउटै कोठामा भएभरका सामान थन्क्याउँदा चाहिएको बेलामा नभेटिने र प्रयोगमा नआउने गरेको उनको भनाइ छ । अस्पतालमा खानेपानीको टचांकी नहुँदा ड्रमको पानी प्रयोग गरिन्छ । त्यसले पानी नपुग्ने अस्पतालले जनाएको छ ।

विद्युत् सेवा अवरुद्ध हुँदा मोबाइल बालेर सेवा दिनुपर्ने अवस्थासमेत आउँछ । यसअघि स्वास्थ्यचौकीका नाममा १४ रोपनी जग्गा थियो । सिस्ने गाउँपालिकाले २१ रोपनी दिएर ३५ रोपनी क्षेत्रफल भएको छ । त्यसैमा ५० शयचा संरचना निर्माणको काम चलिरहेको छ । भवन निर्माणको काम छिटो सकिँदा व्यवस्थापन, प्रशासन र सेवा प्रवाहको कामलाई चुस्त बनाउन सकिने अस्पताल स्रोतको भनाइ छ । यहाँ भनेजस्तो सेवासुविधा नपाउँदा जिल्लाका नागरिक जटिल प्रकृतिको रोगको उपचार गर्न रुकुमपश्चिम, दाङ, नेपालगञ्ज, काठमाडौं, चितवन जानुपर्ने बाध्यता छ ।

अस्पताल व्यवस्थापन समितिकी अध्यक्ष फत्तेकुमारी ओलीले पटक-पटक प्रदेश सरकारसँग औषधिको माग गरे पनि नपाएको बताउँछिन् । समस्या समाधान गर्न औषधिलगायतका सामग्री पठाउन पटक-पटक आग्रह गरेकोमा प्रदेश सरकारले नपठाएको उनको भनाइ छ । सामान्य खालको औषधि अस्पतालमा नपाइँदा नागरिकबाट अस्पताललाई हेर्ने दृष्टिकोण फेरिन थालेको उनले बताइन् । *रासस*

# फुसको छानो विस्थापित गर्ने अभियान

**वीरगञ्ज–** फुसको छानो हटाउने अभियानअन्तर्गत पछिल्लो एक वर्षको अवधिमा मधेस प्रदेशका तीन जिल्लामा जस्तापातासहितको एक हजार ४७ सुरक्षित घर बनाइएको छ ।

फुसको छानाका कारण हावाहुरीको समयमा अत्यधिक आगलागीका घटना हुँदा ठूलो धनजनको क्षति हुने र बर्सेनि परालले छानो हाल्नुपर्ने समस्यालाई दृष्टिगत गरी सरकारले तराई मधेसका जिल्लामा फुसको छानो विस्थापित गर्ने योजना सञ्चालन गरेको हो । सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा रौतहट, बारा र पर्साका विभिन्न बस्तीमा रहेका एक हजार ४७ घरबाट फुसको छानोलाई विस्थापित गरी जस्तापातासहितको सुरक्षित घर बनाइएको हो । विभिन्न चुनौतीहरूको बाबजुद रौतहटमा १०९ वटा, बारामा २५४ र पर्सामा ६८४ गरी एक हजार ४७ घरबाट फुसको छानो विस्थापित गरी जस्तापाताको छानो हालेर सुरक्षित आवास बनाइएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साका प्रमुख झपटबहादुर थापाले जानकारी दिए ।

यस्तै बारामा २४३ वटा र पर्सामा ३४१ घरबाट फुसको छानो विस्थापित गर्ने कार्य अन्तिम चरणमा पुगेको र छिट्टै नै सम्पन्न गरी हस्तान्तरण गरिने प्रमुख थापाको भनाइ छ । उनका अनुसार रौतहटमा तीन हजार ९५७, बारामा तीन हजार ४२१ र पर्सामा तीन हजार ८५१ गरी ११ हजार २२९ घरबाट फुसको छानो हटाउने स्वीकृत भएकामा हालसम्म रौतहटमा तीन हजार २२०, बारामा दुई हजार ६२२ र पर्सामा तीन हजार ६४७ गरी नौ हजार ४८९ आवासको सम्झौता भई काम भइरहेको छ । सम्झौता भएकामध्ये रौतहटमा २१५, बारामा एक हजार पाँच र पर्सामा एक हजार ८१६ गरी तीन हजार ३६ वटा आवासका लागि पहिलो किस्ता निकासा दिएको प्रमुख थापाले बताए । बर्सेनि हुने आगलागी र छानो चुहिने समस्याको दिगो समाधानका लागि जस्तापातासहितको सुरक्षित घर बनाउँदै आएको प्रमुख थापाको भनाइ छ ।'प्रत्येक घरका लागि ५० हजार रूपैयाँ रकम छुट्याइएको छ,' प्रमुख थापाले भने, 'लक्षित परिवारलाई घरमा जस्तापाता हाल्न पहिलो किस्तामा ३० हजार रूपैयाँ दिने र तोकिएको मापदण्डअनुसार जस्तापाता हालेर भवन बनाउनेलाई थप २० हजार रूपैयाँ निकास दिने व्यवस्था छ ।' *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN EAGLE SECURITY

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०८ | LT. No. 276449 | चलानी नं. ६०१९२००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 0 | 3 | 1500 | ५४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १७ गते (1st. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MISS 1 BEAUTY CENTER CO.

पूर्व स्वीकृति मिति २०७८/११/९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०९ | LT. No. 258337 | चलानी नं. ६०१८६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 0 | 4 | 100 | ४३०३२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 170 | ७३१५५ | | | | | | | |
| 3 | Nail clipper | 0 | 4 | 170 | ७३१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १७ गते (29th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०९ | LT. No. 280347 | चलानी नं.६०१९५८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 25 | 0 | 1800 | ६३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १२ गते (26th March. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEAUTY LAND ENTERPRISE

पूर्व स्वीकृति मिति २०७९/११/०८ | LT. No. : 281466 | चलानी नं.: ६०१९६९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 6 | 0 | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १७ गते (1st. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338


## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
फोन नं. ०११४१२११३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।११।१०)

यस नगरपालिकाको मिति २०७९।०९।२६ को सूचना वमोजिम मण्डनदेउपुर नगरपालिकाको तपसिल बमोजिमको कार्यका लागि अनलाइन मार्फत मार्फत प्राप्त बोलपत्रहरूको प्रस्ताव मिति २०७९।१०।११ गते खोलिएकोमा उक्त बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरी मूल्याङ्कन समितिले प्रक्रियागत रूपमा पेस गरेको प्रतिवेदन अनुसार सारभूत रूपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलदाताहरूलाई जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (06/Works/SQ/MDM/079/080) | *Procurement and Installation of Smart Digital Notice Board* | Himalayan Solution Private Limited Newroad,Pokhara | रू.११,१९,८४२।४३ (एघार लाख उन्नाइस हजार आठ सय बयालीस रूपैया त्रिचालीस पैसा मात्र ।) |

मण्डनदेउपुर नगरपालिका

## जगदम्बा स्टील्स लि. को
## प्रथम वार्षिक साधारण सभा बस्ने सूचना

साविकमा जगदम्बा स्टील्स प्रा. लि. रही मिति २०७९/०३/३० मा लिमिटेड कम्पनीमा परिणत भएको यस जगदम्बा स्टील्स लि. को मिति २०७९/११/०८ मा बसेको संचालक समितिको निर्णय अनुसार यस लि .को पहिलो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
**मिति : २०७९/१२/०१ गते बुधबार (तदनुसार १५ मार्च २०२३) ।**
**समय : बिहान ११:३० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।**

छलफलका विषयहरु:

क. सामान्य प्रस्तावहरु:
  १. संचालक समितिको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
  २. आ.व. ०७८/०७९ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
  ३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
  ४. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
  ५. लाभांश वितरण गर्ने सम्बन्धमा ।
  ६. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

ख. विशेष प्रस्तावहरु:
  १. संचालकहरुको पारिश्रमिक र भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
  २. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोबारहरु पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
  ३. कम्पनीको जगेडा तथा संचित मुनाफा समेतबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर प्रदान गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारी गरे पश्चात जारी तथा चुक्ता पूँजीमा हुने वृद्धिलाई समावेश गरी शेयरलगत प्रमाणित गरी लिने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
  ४. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
  ५. कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजी वृद्धीलाई समेत समावेश गरी संचालक समितिको प्रस्ताव वमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
  ६. कम्पनीको प्रबन्धपत्र तथा नियमावली वमोजिम सर्वसाधारणमा जारी गरिने भनी छुट्याईएको शेयरहरु प्रिमियम मुल्यमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
  ७. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
  ८. संचालक समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

ग. विविध

संचालक समितिको निर्णय अनुसार
कम्पनी सचिव

JAGDAMBA STEEL®

# प्रभाव दैनिक





## तलास २ बन्ने

फाल्गुनन्द लिङ्देन फिल्म्स् र यल्लीवूड फिल्म्स्को संयुक्त लगानीमा नेपाली फिल्म 'तलास २' को निर्माण हुने भएको छ । हत्या अपहरण मानव बेचबिखनको चपेटामा नेपाली महिलाहरूले भोग्नु परेको पीडालाई फिल्ममा प्रमुख विषय बनाइनेछ । दिनेश लिङ्देनको निर्देशन रहने फिल्ममा रूद्र पाहिम, पुष्पाञ्जली तिलिङ, शैलेन्द्र नाल्बो, उदय सुब्बा, पुर्ण सेलिङ, राजु घिमिरे, अजय खडका, रिया कन्दङ्वा, पुन्य ओझा, दिलिप योङ्हाङ, सागर केरूङ र राजकुमार शाहको अभिनय रहनेछ । फिल्ममा विकास चौधरीको संगित, मेचु धिमाल, सुवास राई, विकास चौधरीको स्वर, दिनेश माङ्मुको नृत्य, कुमार श्रेष्ठको द्वन्द्व र सुमन योञ्जनको छायाङ्कन छ ।




बुधबार, १० फागुन २०७९ (Wednesday, February 22, 2023)




## 'अवार्डले नयाँ काम गर्न प्रेरणा दिन्छ'

**काठमाडौँ (प्रस)–** शरदराज मैनाली नेपाली सांगीतिक क्षेत्रमा गीतकार तथा संगीतकारको रूपमा परिचित छन् । अनुशासित, गहन र मनछुने शब्द चयन गरेर गीत लेख्न माहिर उनी राम्रा संगीतकार हुन् । गीत संगीतको कारण बेलाबेलामा सम्मान र अवार्ड समेत उनले थाप्दै आएका छन् ।

भर्खर मात्र उनले केही अवार्ड प्राप्त गरे । ति मध्य एक राष्ट्रिय राप्ती म्युजिक अवार्ड पनि हो । यो अवार्डमा उनले लोकपप गीत 'मितीलाइ नै माया'बाट बेष्ट लोकपक गीतकारको अवार्ड प्राप्त गरे । त्यस्तै मोडलपपमा 'केको बदलामा (मिठो सपना २' बाट उनले रारा नेशनल म्युजिक अवार्ड राष्ट्रपति बिद्यादेवी भण्डारी तथा बरिष्ठ संगीतकार सम्भुजित बासकोटाबाट प्राप्त गरेका छन् । गीतसंगीतबाट लगातार अवार्ड प्राप्त गर्दै आएका उनी अवार्ड गीतसंगीतमा लाग्न हौसल दिने बताउछन् ।

सानैदेखि गीतसंगीतको नशामा डुब्ने उनी फुपुको छोरा मुरारी नरालले गीतार बनायर गायको देख्दा यसतर्फ आकर्षित भएका थिए । उनी साथीहरूको एक समूह बनाएर समेत संगीतमा रमाउँथे । चर्चित गायक गायिका शशि रावल, रेश्मा सुनवार, रजिना रिमाल, मनिषा मैनाली, नविन के. भट्टराई, सनुप पौडेल, राजेन्द्रकुमार कार्की, सन्तोष लामा, मनिष सिंह अधिकारी (युग व्याण्ड), अतुल कार्की(स्ट्रीटव्याड), नेपाल आइडलका निसान भट्टराई, विवेक आचार्य, सन्दिप कार्की, पुनम तुलसियान लगायत चर्चित गायक गायिकाले उनको शब्दमा गीत बनाएका छन् ।

मानिसको जीवनसँग नजिक रहेर गीत लेखन गर्दै आएका उनले सन् २००१ मा 'अब्लेज शोल' नामक ब्याण्ड समूह बनाएर गीत संगीतको यात्रा थालेका थिए । जसमा अजय पालसिंह, अजय नकर्मी, विवेक श्रेष्ठ, रुशिल अमात्य, सुविरमान डंगोल, सलम सिंह सदस्यका रूपमा थिए । 'गीतसंगीतमा उत्कृष्ट र फरकपन दिलाउने अब्लेज शोल ब्याण्डको उद्देश्य हुने गर्थ्यो' शरदले भने 'अब्लेज शोल ब्याण्डले थोपा एब्लमबाट सांगीतिक करियर सुरु गरेको थियो ।'

८ गीत रहेको उक्त एल्बममा केही गीत रक र केही गीत पप, मेलोडी र सेन्टिमेन्टल समेत समेटिएको उनले सुनाए । 'पहिलो एल्बम पछि ब्याण्डका साथीहरू विदेश तिर लागे, मैले पनि गीतसंगीलाई निरन्तरता दिन सकिन' शरदले थपे । विरगञ्जमा जन्मि हुर्किएका शरद पछिल्लो समय काठमाडौ कपन बालुवाखानी निवासी हुन् ।

ब्यण्डका लागि 'मिठो सपना' गीतमा शब्द तथा संगीत गरेका शरदलाई गीतको संगीतमा प्रदिप मानन्धरले सघाएका थिए । उक्त समयदेखि संगीतमा समेत होमिएका उनी अहिले गीत लेखन र संगीतमा चर्चित छन् । 'त्यतिबेलाम भर्खरै गिटार सिकेको थिए । नयाँ जोश जाँगर लिएर काम गर्दैगर्दा देखेको मिठो सपना मिठो हुँदै रहेछ' शरदले अगाडि भने 'त्यहि भएर पहिलो एल्बमको नाम नै मिठो सपना राखियो ।' पहिलो एल्बमपछि ब्याण्ड अब्लेज शोलका साथीहरू रोजगारीको सिलसिलामा तिरबितर भएपछि उनले फेरि



युगब्याण्ड नामको एउटा समुहलाई पस्थापना गरे । जसमा ३ सदस्यमात्र थिए मनिष सिंह अधिकारी, कपिल ध्वज थापासँगै उनी लिड भोकलिस्ट ।

युग ब्याण्डसँग काम गर्दागर्दै '७ सालको क्रान्ती' बोलको गीत उनले लेखेका थिए । उक्त गीतको शब्दका कारण नेपालका चलेका गीतकारले समेत शरदको प्रसंसा गीतले फरक धार र फरक सोच ल्याउन सफल भएको समेत बताए । उनका यो गीतले कतिपय नव गीतकारलाई समेत प्रेरित गरेको थियो ।

युग ब्याण्ड अगाडि बढाउदै गर्दा शरदको हातमा फिल्म 'द्रव्य'को संगीत जिम्बेवारी पर्यो । उनी पनि मौकाको खोजिमा थिए । फिल्मका लागि उनले तीन ३ गीत आफ्नै शब्द तथा संगीतमा तयार पारे । 'फिल्म संगीत पाउदा मामा खुसीको सिमा थिए' उनले भने 'शून्य पारिश्रमिकमा मैले संगीत गर्नपर्यो । अवसरका लागि त्यो पनि गरे ।' फिल्ममा रहेको 'नशामा डुबीडुबी,' 'निलो आकाश,' 'नौलो नौलो विहानी' गीतमा उनको संगीत रहेको थियो । जसलाई रेशमा सुनुवार, रजिना रिकाल ,सन्तोष लामा र मनिष सिंह अधिकारीले गाएका थिए ।

गीतसंगीलाई निरन्तरता दिने सोच हुँदाहुँदै पनि पारिवारिक समस्याका २०१३ युएई बिदेशिएका उनी त्यहाँबाट पनि लगातार गीत निकाली रहे । त्यहाँबाट निकालेको धेरै गीत मध्य एक सनुप पौडेल तथा शशि रावलको चर्चित गीत 'सागरको गहिराई' हो । त्यसपछि गायक नवीन के. भट्टराईसँग उनले 'तिमि नै' बोलको गीतमा काम गरे । गीतको भिडियो समेत आफैले निर्देशन गरे थिए ।

गीतसंगीतबाट थुप्रै अवार्ड र पुरस्कार पाएका उनले नेशनल पावर न्युजद्धारा आयोजित अवार्डमा 'चोयाको डोको' बोलको लोकदोहोरी गीतबाट समेत उत्कृष्ट गीतकारको अवार्ड थापेका थिए । त्यसपछि उनले 'तिमि नै' गीतबाट पनि राष्ट्रिय संगीतकर्मी संघद्धारा आयोजित अवार्डमा उत्कृष्ट गीतकारको अवार्ड हात परे ।नवीन के. भट्टराई, सञ्जय श्रेष्ठ, विजय गुरुङलगायतका गायकहरूको गीतबाट संगीत प्रति आकर्षित भएका उनले नबिन के भट्टराइका गीतहरूमा समेत शब्द तथा संगीत दिदै आएका छन् । पछिल्लो समय पुराना तथा नयाँ पुस्ता माझ भिजेका गीतकारका अहिले आफ्नै शब्द संगीतमा केही नयाँ गीत ल्याउने तरखरमा छन् ।

## 'मुन्द्रेको कमेडी क्लब' २ चैतदेखि



■ प्रभाव संवाददाता

**काठमाडौँ–** हास्य कलाकार जितु नेपाल नयाँ स्वरूपमा 'मुन्द्रेको कमेडी क्लब' मा देखिनु हुने भएको छ । यहाँ आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो नयाँ कार्यक्रमका बारेमा जानकारी दिँदै हास्य विधामा केही नयाँ काम गर्न खोजेको जानकारी दिए ।

यसअघि नेपाल टेलिभिजनमा प्रसारण हुँदै आएको सो कार्यक्रम अब भने कान्तिपुर टेलिभिजनमा प्रसारण हुनेछ । कि इन्टरटेन्मेन्ट तथा एडी रिलिजको सहकार्यमा आगामी चैत २ गतेदेखि सो कार्यक्रम प्रसारण हुनेछ । हरेक दिन बिहीबार राति ९ बजे प्रसारण हुने सो कार्यक्रमको प्रमुख भूमिकामा कलाकार नेपाल र नायिका प्रियंका कार्की रहेका छन् ।

यसैगरी दमन रूपाखेती, राजेन्द्र नेपाली 'लट्टे,' प्रभात लामा, दिनेश काफ्ले, श्याम राना, एलि बाँस्कोटाका साथै अन्य कलाकार पनि विभिन्न भूमिकामा देखिनेछन् । कार्यक्रमको निर्देशन भने दिनेश डिसीले गर्नेछन् । नयाँ स्वरूपमा कमेडी क्लबमा जोडिन पाउँदा आफूलाई खुसी लागेको भन्दै नायिका कार्कीले पत्रकार सम्मेलनमा प्रसन्नता व्यक्त गरे । उनले स्वच्छ हास्य व्यङ्गचमार्फत आम जनमानसलाई सुसूचित हुने अवसर प्रदान गर्न लागिएको बताए ।

## 'पन्छीहरू' भिडियो सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाली पंक रक ब्याण्ड झिल्के एण्ड दि कम्पनीले नयाँ गीत 'पन्छीहरू'को म्युजिक भिडियो सार्वजनिक गरेको छ ।

३ वर्षदेखि नेपाली रक संगीत क्षेत्रमा सक्रिय झिल्के एण्ड दि कम्पनी'को भिडियोमा प्रनब केसीको निर्देशन र पीभीइ नेटवर्कको प्रवर्द्धन छ । गीतमा स्टिभ देवानको स्वर छ । व्याण्डमा ड्रम्समा दिप्सन केसी र बेस गितारमा विशाल हाङ राई पनि छन् । भिडियोमा प्रनब केसी र सुभेक्षा पौडेल फिचर्ड छन् ।



## केपी ओली कपको ट्रफी सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** केपी ओली कप राष्ट्रिय फुटबल च्याम्पियनसिपको उपाधि ट्रफी सार्वजनिक गरेको छ । आयोजक राष्ट्रिय युवा संघ नेपालले मंगलबार विजेताले पाउने उपाधि ट्रफी सावर्जनिक गरेको हो ।

यस्तै आयोजकले प्रतियोगिताको चिनारी गित सार्वजनिक गरेको छ । प्रतियोगिता फागुन ११ गतेबाट १७ गतेसम्म हुनेछ । प्रतियोगिता आठ टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा 'ए' डिभिजन क्लबका ७ र एक आयोजक टोली गरि ८ टिमले प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगिताको पहिलो खेलमा नेपाल पुलिस क्लब र सातदोबाटो युथ क्लब भिड्ने छन् । पुलिस र सातदोबाटोबीचको खेल फागुन ११ गते एन्फा कम्प्लेक्समा हुनेछ । खेल ३ बजे सुरु हुनेछ । प्रतियोगिताको फाइनल बाहेक सम्पूर्ण खेल एन्फा कम्प्लेक्स सातदोबाटोमा हुनेछ । फाइनल खेल भने दशरथ रंगशालामा आयोजना हुनेछ ।

'ए' डिभिजनका मछिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, न्युरोड टिम एनआरटी, चर्च ब्वाइज युनाईटेड क्लब, सातदोबाटो युथ क्लब र जवालाखेल युथ क्लब छन् । एक आयोजक टोली केपी ओली फुटबल क्लब रहेको छ ।

प्रतियोगिताको विजेताले उपाधिसहित १० लाख नगद तथा उपविजेताले ५ लाख नगद प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताका सर्बोत्कृष्ट खेलाडीले १ लाख नगद पाउने छन् । त्यसैगरी उत्कृष्ट गोलरक्षक, उत्कृष्ट गोलकर्ता र उदयमान खेलाडीले ५० हजार पाउने छन् ।

प्रत्येक खेलको विजेता टोलीलाई २५ हजार नगद पुरस्कार दिइनेछ भने प्रत्येक खेलका म्यान अफ दि म्याचले १५ हजार पाउने छन् ।

## युनिक, इनोभेटिभ र बुद्धलाई उपाधि

**काठमाडौं (प्रस)–** बुद्ध एकेडेमी, युनिक र इनोभेटिभले २० औं ज्ञान निकेतन कप बास्केटबल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन् । बुद्ध सिनियर ब्वाइज, युनिक जुनियर ब्वाइज तथा इनोभेटिभ सिनियर गर्ल्समा च्याम्पियन बनेका हुन् ।

सिनियर ब्वाइज फाइनलमा बुद्धले आयोजक ज्ञान निकेतनलाई ४७-४२ ले पराजित गऱ्यो । बुद्धको जितमा नरेन लामाले २७ अंक योगदान गरे ।

जुनियर ब्वाइज फाइनलमा सजित रिमालको १६ अंक सहयोगमा युनिकले ग्रिनफिल्डलाई २७-१९ ले हरायो । सिनियर गर्ल्सको उपाधि भिडन्तमा इनोभेटिभले ज्ञान निकेतनलाई २३-२२ ले पाखा लगायो । इनोभेटिभकी पूजा थापाले १७ स्कोर गरिन् । नरेन, सजित र पूजा 'मोस्ट भेलुएबल प्लेयर' बने ।

विजेतालाई ज्ञान निकेतनका प्रमुख कार्यकारी अधिकृत विश्वजित कुँवर, ज्ञान निकेतनका स्कुल संयोजक सञ्जयजित कुँवर, आर्थिक निर्देशक मिरा थापा र एकेडेमीक इन्चार्ज दिपेन्द्र गड्तौलाले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

## यू-१९ विश्वकप छनोट खेलमा देव नेपालको कप्तान

■ प्रभाव संवाददाता




**काठमाडौं–** युएईमा आयोजना हुने आईसीसी यू-१९ पुरुष विश्वकपको एसिया छनोट प्रतियोगितामा देव खनालले नेपालको कप्तानी गर्ने भएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले मंगलबार एक विज्ञप्ति निकाल्दै देवलाई कप्तान नियुक्त गरिएको जनाएको छ । यस अघि क्यानले नेपाली यू-१९ राष्ट्रिय क्रिकेट टोलीको कप्तानीको जिम्मेवारी गुलशन झालाई दिएको थियो ।

तर, गुलशन विश्व क्रिकेट लिग टू अन्तर्गत युएईमा हुने सिरिजका लागि सिनियर टोलीसँग जाने भएपछि देवलाई कप्तानी दिईएको हो । यू-१९ छनोट प्रतियोगिता फागुन १२ देखि युएईमा सुरु हुनेछ । नेपाली टोली बुधबार त्यसतर्फ जानेछन् । यस प्रतियोगितामा नेपालसहित सिंगापुर, कतार, हङकङ, मलेसिया र आयोजक युएईको सहभागीता रहेको छ । नेपालको पहिलो खेल फागुन १२ मा सिंगापुरविरुद्ध रहेको छ ।

## खो-खो प्रतियोगिताको उपाधि ठाकुरबाबालाई

■ प्रभाव संवाददाता

**भक्तपुर–** पुरुष खो खो प्रतियोगिताको उपाधि ठाकुरबाबा नगरपालिका बर्दियाले हात पारेको छ । भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तरनगर खो खो प्रतियोगतामा ठाकुरबाबाले एक लाख ५० हजार (डेढ लाख) नगद पुरस्कारसहित ट्रफी उचालेको छ ।

प्रतियोगितामा उपबिजेता कीर्तिपुर नगरपालिकाले १ लाख नगद पुरस्कार पाएको छ भने तेश्रो स्थानका लागि धनगढी उपमहानगरपालिकाले ५० हजार नगद पुरस्कार प्राप्त गरेको छ । नेपाल मजदुर किसान पार्टीका केन्द्रिय सचिव एवं सांसद प्रेम सुवाल विजयी नगरपालिकाका टिमका साथै खेलाडीहरूलाई




ट्रफीका साथ नगद पुरस्कार पदक प्रदान गरेका थिए । आयोजक भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलमा सहभागी सबै नगरपालिकालाई मायाको चिनोसहित नगद ५ पाँच हजार पुरस्कार प्रदान गरे । सो खेलमा १४ वटा नगरपालिको टीमको सहभागिता रहेको सो प्रतियोगिता फागुन ५ गतेदेखि ९ गतेसम्म भएको थियो ।

भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता गर्दै आइरहेको छ । यस अन्तर्गत पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथ्लेटिक्स र चौथो वर्ष बुद्धिचाल प्रतियोगिता सफलताका साथ सम्पन्न गरेको थियो भने यस वर्ष खो खो प्रतियोगिता सञ्चलान गरेको हो ।


**प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
**महाकाली प्रादेशिक अस्पताल**
**कञ्चनपुर**

**बोलपत्र संसोधन सम्बन्धी सूचना**

**प्रकाशन मितिः२०७९/११/१०**

यस महाकाली प्रादेशिक अस्पतालको मिति २०७९।१०।१५ गते Supply, Delivery, Installation and Commissioning of Laparoscopic Surgery Set ठेक्का न.MPH/NCB/Goods/2079/080/10 कार्यका लागि राष्ट्रिय पत्रिकामा प्रकाशित सूचनामा धरौटी रकम रु २३००००। हनु पर्ने र बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७९/११/१५ गते साँझ ५ बजे हुनु पर्नेमा अन्यथा भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मेडिकल सुपरिन्टेण्डेण्ट**

# 'बाइडेनको युक्रेन भ्रमणलाई नजिकबाट नियालिरहेका छौं'



**मस्को–** रुसले अमेरिकी राष्ट्रपति जो बाइडेनको युक्रेन र पोल्याण्डको भ्रमणलाई 'नजिकबाट' नियालिरहेको बताएको छ। अमेरिकी राष्ट्रपतिको युक्रेनको आकस्मिक भ्रमणको एक दिनपछि क्रेमलिनले मंगलबार उनका गतिविधिलाई नजिकबाट हेरिरहेको बताएका छन् । मंगलबार उनले पोल्याण्डको राजधानी वार्सामा युक्रेन युद्धलाई लिएर मन्तव्य व्यक्त गर्ने कार्यक्रम छ ।

'स्वाभाविकरूपमा हामीले अमेरिकी राष्ट्रपतिको भ्रमणलाई नजिकबाट नियालिरहेका छौं, मंगलबार पोल्याण्डमा के हुन्छ भन्नेमा पनि हामी उत्सुक छौं, त्यसलाई नजिकबाट नियालिरहेका छौं,' युक्रेनलाई हतियार आपूर्ति गर्ने अमेरिका र उसका सहयोगीको चाल बुझिरहेको उल्लेख गर्दै क्रेमलिनका दिमित्री पेस्कोभले रूसी टेलिभिजनमा भनेका छन् ।

यसअघि अमेरिकी उपराष्ट्रपति कमला हयारिसले म्युनिख सुरक्षा सम्मेलनलाई शनिबार सम्बोधन गर्दै युक्रेनमा मानवताविरुद्ध रुसले अपराध गरेकाले उसलाई दण्ड दिनुपर्ने बताएकी थिइन् । रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमण आलोचना गर्दै उपराष्ट्रपतिले हत्या, यातना, बलात्कार र निर्वासनजस्ता घृणित कार्य भएकामा रुसको निन्दा गरेकी थिइन् । रुसी सेनाले युक्रेनमा युद्ध अपराध गरेको र अपराधीहरूलाई आफ्ना सहयोगीसँग मिलेर कारबाही गर्ने वाइडेन प्रशासनले गत मार्चमा औपचारिकरूपमा बताएको थियो ।

रुसी अधिकारीहरूले युक्रेनबाट बालबालिकासहित हजारौं मानिसलाई जबरजस्ती निर्वासनमा जान बाध्य, पारेको बालबालिकाहरूलाई निर्ममतापूर्वक परिवारबाट अलग गराइएका धेरै प्रमाण अमेरिकासँग रहेको उपराष्ट्रपति हयारिसले बताएकी थिइन् । *रासस/एएफपी*

# कोरियाली प्रायद्वीप समस्याको राजनीतिक समाधानमा चीनको जोड

**संयुक्त राष्ट्रसंघ–** चीनले कोरियाली प्रायद्वीप समस्याको समाधान राजनीतिक समाधान खोजिनुपर्नेमा जोड दिएको छ । साथै, उसले त्यसका निम्ति सम्बद्ध पक्षको प्रतिबद्धता अपरिहार्य भएको बताएको छ। संयुक्त राष्ट्रसंघ लागि चीनका स्थायी उपप्रतिनिधि डाई बिङले कोरियाली प्रायद्वीपमा फेरि द्वन्द्व बढेको वास्तविकतातर्फ ध्यानाकर्षण गराउँदै स्थिति थप चर्किनसक्ने चेतावनी दिए । उनले द्वन्द्वबाट कुनै पक्षको हित नहुने बताउँदै चीनले कोरियाली प्रायद्वीपमा दिगो शान्ति चाहेको उल्लेख गरे ।

'हामी सम्बन्धित पक्षहरूलाई शान्त र संयमित हुन, राजनीतिक समाधानको सही दिशामा प्रतिबद्ध रहन आह्वान गर्छौं । तनाव बढाउने कार्य नगर्न अपिल गर्छौं,' सुरक्षा परिषद् बैठकमा नियोग उपप्रमुख डाईले भने ।

कोरियाली प्रायद्वीप मुद्दाको जडमा ध्यान केन्द्रित गर्न आवश्यक भएको उनले बताए । उत्तर कोरियाले लामो समयदेखि ठूलो सुरक्षा दबाब, चुनौती र धम्कीको सामना गरिरहेको पनि उनले उल्लेख गरे ।

यो वर्षको सुरुदेखि नै संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले प्रायद्वीप वरिपरि संयुक्त सैन्य गतिविधि बढाएकाले उक्त क्षेत्रमा असुरक्षाको भावना बढेकाले सम्बद्ध पक्षलाई गम्भीर हुन नियोग उपप्रमुख डाईले आग्रह गरे । उत्तर कोरियासँग अमेरिकाले निःशर्त वार्ता गर्नुपर्नेमा पनि उनले जोड दिए ।

कोरियाली प्रायद्वीपको समस्या समस्या समाधानमा सुरक्षा परिषद्ले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै चिनियाँ कूटनीतिज्ञले प्रायद्वीपको वर्तमान अवस्था अत्यन्त संवेदनशील एवं जटिल भएकाले परिषद्को गतिविधिले परिस्थितिलाई सहज बनाउन तथा आपसी विश्वास अभिवृद्धि गर्न मद्दत पुग्ने विचार व्यक्त गरे । *रासस/सिन्ह्वा*

# धातु उत्पादन कारखानामा विष्फोट

**वासिङ्टन–** अमेरिकी धातु उत्पादन कारखानामा विष्फोट हुँदा एक जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् ।

संयुक्त राज्य अमेरिकाको ओहायो राज्यको बेडफोर्डमा सोमबार भएको विष्फोटमा एक जनाको मृत्यु भएको तथा १३ जना घाइते भएका सरकारी अधिकारीले पुष्टि गरेका छन् । तामा मिश्रित धातु उत्पादन गर्ने सुम्यान एण्ड कम्पनीमा उक्त विष्फोट भएको हो । विष्फोटमा घाइते भएका सबैलाई अस्पताल लगिएको अग्नि अधिकारीहरूले बताएका छन् ।

विष्फोटको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको उनीहरूले जनाएका छन् । सुम्यानको भौतिक संरचनामा व्यापक क्षति भएको छ । विष्फोटपछि बेडफोर्ड वरपरको वायुमण्डल प्रदूषित भएको थियो । उक्त क्षेत्रका धेरै स्थानीयले त्यसबारे गुनासो गरेका थिए । *रासस/सिन्ह्वा*


## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/११/१०**

यस कम्पनीको मिति २०७२/०८/०१ मा सम्पन्न वार्षिक र विशेष साधारण सभा (एकल) को निर्णयानुसार साविक कम्पनीको **इनफिनिट होमफेब इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.** (प्रा.द.नं. २१३२६५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी (इनफिनिट टुरिजम होमफेब इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इनफिनिट टुरिजम होमफेव इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.** कायम गरिएको हुँदा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**इनफिनिट टुरिजम होमफेव इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.**
**ललितपुर म.न.पा.वडा नं.१५ खुमलटार, ललितपुर**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOTUS PAPPADAM SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. : 281455 चलानी नं.: ६०१९६९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 3 | 0 | 1500 | ४४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १७ गते (1st. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## Mauritianमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSITE CONSTRUCTION LTD.

पुर्व स्वीकृति मिति : २०७९/११/०८ LT. No.281480 चलानी नं. ६०१९६९३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 10 | 0 | 16,665 | ४८,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 3 | Civil Engineer | 1 | 0 | 30,000 | ८६,४७० | | | | | | | |
| 4 | Cook | 2 | 0 | 17,000 | ४९,००० | | | | | | | |
| 5 | Electrician | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 6 | Mason | 25 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 7 | Plasterer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 8 | Plumber | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 9 | Serveyor | 1 | 0 | 18,000 | ५१,८८५ | | | | | | | |
| 10 | Site Supervisor | 1 | 0 | 20,000 | ५७,६५० | | | | | | | |
| 11 | Steel Fixer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 12 | Tile Setter | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: महाराजगञ्ज, युनिभर्सल टेक्निकल इन्स्टिच्युटमा मिति: २०७९ फागुन १७/१८/१९ गते (1/2/3. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १९,५००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## शौर्य सिमेन्ट इण्डष्ट्रिज लि. को प्रथम वार्षिक साधारण सभा बस्ने सूचना

साविकमा शौर्य सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. रही मिति २०७९/०३/३१ मा लिमिटेड कम्पनीमा परिणत भएको यस शौर्य सिमेन्ट इण्डष्ट्रिज लि.को मिति २०७९/११/०८ मा बसेको संचालक समितिको निर्णय अनुसार यस लि. को पहिलो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
मिति : २०७९/१२/०१ गते बुधबार (तदनुसार १५ मार्च २०२३) ।
समय: दिनको ०२:३० बजे ।
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

**छलफलका विषयहरू:**

क. सामान्य प्रस्तावहरू:
१. संचालक समितिको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

ख. विशेष प्रस्तावहरू:
१. संचालकहरूको पारिश्रमिक र भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोबारहरू पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
४. कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजी वृद्धीलाई समेत समावेश गरी संचालक समितिको प्रस्ताव वमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
५. कम्पनीको पूँजीको संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्र तथा नियमावली वमोजिम सर्वसाधारणमा जारी गरिने भनी छुट्याईएको शेयरहरूलाई संशोधन गरी प्रिमियम मुल्यमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
६. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
७. संचालक समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

ग. विविध

संचालक समितिको निर्णय अनुसार
कम्पनी सचिव

शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड



## Mandandeupur Municipality
### Office of Municipal Executive
**Mahadevasthan, Kavre**
**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

**(Date of First Publication: 22th Feb 2023)**

Mandandeupur Municipality has allocated funds to cover eligible payment under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Contract Identification No. | Estimated Amount NRs. (With VAT) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Average Annual Turnover (Without Vat) | Minimum Work Experience of Similar size & nature |
|---|---|---|---|---|---|---|
| 1. | 10/Works/NCB/MDM/079/80 (Construction of 15 Bed Mandandeupur Aadharbhut Aspatal) | - | 60,00,000.0 | 10,000.0 | 156 Million | Construction of One RCC framed Hospital of value at least Nrs. 13,00,00,000/- (Without VAT& contingency but including provisional sum) |

1. Mandandeupur Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Development work of mentioned contract.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Mandandeupur Municipality, Mahadevathan, Kavre, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp.Interested bidders should register in the e-GP system and deposit the cost of bidding document 10000.0 NRs. in the following specified bank.

Name of the bank: Global IME Bank, Kunta
Name of the office: Mandandeupur Municipality, Mahadevasthan ,Kavre.
Project Rajaswa Account No.: 22004010000010 (For the cost of Bid Document)
Office Deposit Account no.: 22004010000008 (For the cash deposit of Bid Security Amount)

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 24h March 2023, 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on 24th March 2023, 14:00 hours at the office of Mandandeupur Municipality. Online bids must be valid for a period of 120 days counting from the day of bid opening and must be accompanied by bid security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief administrative officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १०२५०० | प्रति तोला - १०२००० | प्रति तोला - १२७५ |



**सुन्दर दम्दाला** | कुशे गाउँपालिका-५ स्थित दम्दाला गाउँ। यो गाउँ सुन्तलाको पकेट क्षेत्रका रूपमा रहेको छ।

*तस्बिरः हेमन्त केसी/रासस*

# लघु बिमालाई डेढ महिनाभित्र पुँजी पुऱ्याउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल बिमा प्राधिकरणले लघु बिमा कम्पनीहरूलाई डेढ महिनाभित्र तोकिएको चुक्ता पुँजी पुऱ्याउन निर्देशन दिएको छ। प्राधिकरणले लघुबिमा सञ्चालन अनुमति पत्र (लाइसेन्स) का लागि स्वीकृति पत्र बुझेको मितिले १ महिला १५ दिन भित्र तोकिएको चुक्ता पुँजी पुऱ्याउन लघुबिमा कम्पनीहरूलाई निर्देशन गरेको हो।

कम्पनीहरूले फरक फरक मितिमा स्वीकृति पत्र लिएकाले सोही मितिका आधारमा चुक्ता पुँजी पुऱ्याएर आउन डेढमहिनाको समय दिइएको प्राधिकरणका प्रवक्ता समेत रहेको कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। हाल छनोट भएका लघु बिमा कम्पनीहरू रजिष्ट्रारको कार्यालयमा दर्ता भएर आएपछि चुक्ता पुँजी पुऱ्याउन निर्देशन दिइएको हो।





विधि प्रक्रिया अनुसार अनुमति पत्र प्राप्त गरेका कम्पनीहरूले दर्ता प्रमाण लिएपछि तोकिएको चुक्ता पुँजीसहित लघुबिमा ऐन अनुसार प्राधिकरणले व्यवसाय सञ्चालनको प्रमाणपत्र (लाइसेन्स) प्रदान गर्छ।

लघुबिमा ऐन, २०७९ अन्तर्गत लघुबिमा कम्पनी सञ्चालनका लागि कम्तीमा ७५ करोड रूपैयाँ चुक्ता पुँजी हुनुपर्ने व्यवस्था रहेको छ। सो मध्ये कम्पनीहरूले संस्थापक समूहतर्फको चुक्ता पुँजी ७० प्रतिशत जुटाउनुपर्ने ऐनले व्यवस्था गरेको छ।

बिमा प्राधिकरणले गत साउन ३१ गते लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९ जारी गर्दै साता वटा प्रदेशमा कम्तीमा एउटा एउटा लघुबिमा रहने गरी लघुबिमा कम्पनीको दरखास्त आह्वान गरेको थियो। जसमा ३१ वटा कम्पनीको आवदेन दिएकामा ३ वटा जीवन लघुबिमा र ४ वटा निर्जीवन लघुबिमा छनोटमा परेका छन्।

अनुमति पाउने लघुजीवन बिमामा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स छन् भने निर्जीवनतर्फ ट्रष्ट माइक्रो इन्स्योरेन्स, नेपाल माइक्रो इन्स्योरेन्स, स्टार माइक्रो इन्स्योरेन्स र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले छन्।

# औद्योगिक क्षेत्र निर्माणमा सबैको सहयोग आवश्यक : मन्त्री भण्डारी

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्र निर्माणमा सबै क्षेत्रको सहयोग र समन्वय आवश्यक रहेको बताएका छन्। कोहलपुर उद्योग वाणिज्य संघले आयोजना गरेको अन्तर्क्रियामा मन्त्री भण्डारीले राजनीतिक खिचातानीका कारण देशमा औद्योगिक क्षेत्रको विकास हुन नसकेको बताए।

उनले औद्योगिक क्षेत्र निर्माण कार्य हुन नसक्दा वार्षिकरूपमा विकास बजेट फिर्ता हुने समस्याप्रति चिन्ता व्यक्त गर्दै नौवस्ता औद्योगिक क्षेत्र निर्माण कार्य सम्पन्न गर्नसके लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको केन्द्रबिन्दुका रूपमा स्थापना हुने विश्वास व्यक्त गरे।

उद्योग व्यवसायको विकासबाट मात्रै मुलुकमा आर्थिक समृद्धि हासिल हुने भएकाले स्थानीयस्तरमा देखिएका समस्या समाधान गरी औद्योगिक क्षेत्र निर्माणमा सबै क्षेत्रको समन्वय आवश्यक रहेको मन्त्री भण्डारीले उल्लेख गरे।

उनले अहिले मुलुकमा ठूला व्यापारीका कारण आर्थिक सङ्कट देखा परेको टिप्पणी गर्दै उद्योगी र व्यापारीलाई चर्को शुल्क लिने नेपाल सरकार मातहत रहेका बैंक नभएको दाबी गरे। उनले सबै निजी बैंक तथा वित्तीय संस्थाका सञ्चालक नै उद्योगी रहेको उल्लेख गर्दै निजी बैंकको घेराबन्दीका कारण साना तथा मध्यम व्यापारीलाई थप समस्या देखा परेको बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य चक्र अधिकारी, कोहलपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लक्ष्मणराज पौडेल, उद्योगी डोलनाथ खनाल, यातायात व्यवसायी मनप्रसाद आचार्यलगायतले विद्यमान उद्योगी व्यवसायीका समस्या मन्त्री भण्डारीलाई जानकारी गराएका थिए।

### अढाई दशकपछि गति लिँदै दैजी छेला

वि.सं. २०५१मा घोषणा भएको दैजी छेला औद्योगिक क्षेत्र स्थापनाको काम अघि बढेको छ। अढाई दशकदेखि चर्चामा रहेको कञ्चनपुरको बेदकोट नगरपालिकास्थित औद्योगिक क्षेत्रको कार्यालय स्थापना भएसँगै कामले गति लिएको हो। विसं २०७७ फागनु १० मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए। अहिले कार्यालय स्थापनासँगै औद्योगिक क्षेत्रको रूख छपानको काम अन्तिम चरणमा पुगेको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले एक महिनाभित्र मन्त्रिपरिषद्बाट निर्णय गराएर औद्योगिक क्षेत्रमा रूख कटान सुरु गरिने बताए। 'म जति दिन मन्त्री रहन्छु औद्योगिक क्षेत्रको काम अघि बढाउन लाग्नेछु,' उनले भने, ' एक महिनाभित्रै औद्योगिक क्षेत्रमा रूख कटानी हुन्छ लगत्तै यहाँ भौतिक पूर्वाधारका काम अघि बढ्नेछन्। अब पश्चिमबाट औद्योगिक विकास हुन्छ।'

'औद्योगिक क्षेत्रको भोगाधिकार र अन्य प्राविधिक सबै समस्या समाधान गर्न मन्त्रालय लागेको छ,' मन्त्री भण्डारीले भने, 'यो निमार्णका लागि बजेट पनि कमी हुन दिइने छैन।' औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक सञ्जयलाल मानन्धर लेरूख छपानको काम सकिएलगत्तै मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र भौतिक संरचना निर्माण अघि बढ्ने बताए। 'रूख कटानपछि पहिलो चरणमा यहाँ बिजुली बत्तीलगायत आवश्यक काम गरिनेछ त्यसका लागि हामी प्रक्रियामा गइसकेका छौँ,' उनले भने, 'दोस्रो चरणमा प्रशासनिक भवन र भौतिक पूर्वाधारहरू निर्माण हुनेछन्।' महाप्रवन्धक मानन्धरले उक्त औद्योगिक क्षेत्रमा एक उद्योगका लागि पाँच कट्ठादेखि पाँच बिघा जमिन छुटयाइएको बताए।

# स्थिर ब्याजदरमा ऋण लिन राष्ट्र बैंकको आग्रह

**काठमाडौं (प्रस) –** बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिंदा ब्याजदरको बारेमा पूर्ण जानकारी लिन नेपाल राष्ट्र बैंकले आग्रह गरेको छ। बैंकले ब्याज र आम्दानीमा तालमेल नभएमा कर्जा भुक्तानीमा समस्या आउन सक्नेतर्फ सचेत गराएको छ।

राष्ट्र बैंकले एक सूचना जारी गर्दै निश्चित आय भएका व्यक्तिले परिवर्तनशील ब्याजदरमा कर्जा उपयोग गर्दा आम्दानी र खर्चबीच सामञ्जस्यता हुन नसक्ने र कर्जा भुक्तानीमा समस्या हुने अवस्थालाई ध्यान दिई व्यक्तिगत कर्जाहरू स्थिर ब्याजदरमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको जनाएको छ।

स्थिर ब्याजदरमा कर्जाको उपयोग गर्दा ब्याज रकम बढ्दैन भने निर्धारित अवधिमै कर्जा भुक्तानी गर्न सकिने र निश्चित आय भएका व्यक्तिको वित्तीय अवस्थामा नकारात्मक असर नपार्ने उक्त सुचनामा उल्लेख गरीएको छ। बैंकले ब्याजदर निर्धारण र ब्याजदर परिवर्तन हुने सर्त बुझेर मात्र कर्जाको उपयोग गर्न ऋणीलाई आग्रह पनि गरेको छ।

# दूध उत्पादक किसानलाई हुप्सेकोट गाउँपालिकाको अनुदान

■ प्रभाव संवाददाता

**हुप्सकोट–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई प्रतिलिटर रु पाँच अनुदान दिन थालेको छ। गाउँपालिकाले सहकारीमार्फत किसानलाई सो अनुदान उपलब्ध गराउन थालेको हो। उत्पादनको आधारमा अनुदान दिने नीतिअनुरूप गत आर्थिक वर्षदेखि किसानलाई अनुदान दिन थालिएको हो।

अनुदान रकम साना किसानसम्म पुऱ्याउन एक आर्थिक वर्षमा सहकारीमार्फत बिक्री गरेको दूधको परिमाणअनुसार अनुदान रकम प्रदान गरिने हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन्। 'गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीहरूले उपलब्ध गराएको वार्षिक तथ्याङ्कका आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ,' उनले भनिन्, 'किसानलाई प्रोत्साहान गरी गाउँपालिकाभित्र दूध उत्पादन वृद्धि गर्ने हाम्रो मुख्य लक्ष्य हो।' उत्पादनका आधारमा अनुदान दिँदा साना किसान लाभान्वित हुने अध्यक्ष पाण्डेको भनाइ छ।

गत आव २०७८/७९ मा दुई सहकारी संस्थामार्फत किसानलाई अनुदान उपलब्ध गराइएको छ। गत वर्ष किसानले रु दुई लाख ५४ हजार दुई सय ३५ प्राप्त गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रप्रसाद बस्यालले बताए। 'गत आवमा सहिद प्रदुक बहुउद्देश्यीय सकारी संस्थाले ३० हजार २६ लिटर दूधको जम्मा रु एक लाख ५० हजार एक सय ३० र साना किसान कृषि सहकारी संस्थाले २० हजार आठ सय २१ लिटर दूधको रु एक लाख चार हजार एक सय पाँच अनुदान लगेका छन्,' उनले भने।

यस वर्ष गत वर्षको भन्दा धेरै दूध उत्पादन हुने र अनुदान पाउने किसानको सङ्ख्या पनि बढ्ने अनुमान गरिएको अध्यक्ष पाण्डेले बताइन्। 'हुप्सेकोट गाउँपालिकालाई दुग्ध उत्पादमा आत्मनिर्भर बनाउने लक्ष्यानुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्,' उनले भने, 'गाउँपालिकाको पहाडी क्षेत्रमा पशुपालन कम हुने हुँदा दूध उत्पादन कम भएको छ।'

किसानको पक्षमा हुप्सेकोट गाउँपालिकाले गरेको काम प्रशंसनीय रहेको पशुपालक किसान नयादत्त गौतमले बताए। सोझै किसानको हातमा रकम जाने यो कार्यक्रम सबैका लागि अनुकरणीय रहेको उनको भनाइ छ। दूधमा अनुदान पाउनुभएका किसान जीवन लम्सालले तल्लो तहको किसानको गोठमा पुग्ने अनुदानले साना किसानलाई प्रोत्साहन मिलेको बताए। हुप्सेकोट गाउँपालिकाले पशु बिमाअन्तर्गत कृषकले तिर्ने प्रिमियममा ५० प्रतिशत अनुदानसमेत दिँदै आएको छ।

# 'हेटौंडा सिमेन्ट उद्योग सुधार्न सबै लाग्नुपर्छ'

**हेटौंडा (प्रस)–** बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री एका लाल श्रेष्ठले हेटौंडा सिमेन्ट उद्योगको अवस्था सुधार्न सबै पक्ष मिलेर काम गर्नुपर्ने बताएका छन्। समग्र उद्योग ट्रेड युनियन हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको १६ औं अधिवेशनमा बोल्दै मन्त्री श्रेष्ठले स्वर्णिम इतिहास बोकेको हेटौंडा सिमेन्ट उद्योगले हेटौंडा कपडा उद्योगको जस्तो अवस्था बेहोर्न नहुने बताए। हेटौंडा सिमेन्ट उद्योगमा रहेका समस्यालाई सुधार गर्दै उद्योगलाई बजारमा आएका प्राइभेट उद्योगसँग प्रतिस्पर्धी गर्ने क्षमता बिस्तार गर्नुपर्ने बताए। हेटौंडा सिमेन्ट जस्तो प्रतिष्ठित उद्योगको कारण हेटौंडालाई देशभर औद्योगिक नगरको रूपमा चिनिएको भन्दै उनले सिमेन्ट उद्योगलाई जोगाएर प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले सहकार्य गरेर अघि बढने बताए।

स्वर्णिम इतिहास बोकेर अघि बढेको उद्योगको के-कस्ता पक्षलाई सुधार गर्नसके उद्योग नियमित सञ्चालन हुन्छ, प्रतिस्पर्धामा उत्रनसक्छ भन्ने विषयमा उद्योगसँग सम्बन्धित पक्षबाट राज्यलाई पनि झकझकाउनुपर्ने भन्दै मन्त्री श्रेष्ठले सरकारी मातहतका उद्योगले कम नाफा कमाएर सेवामा ध्यान दिनुपर्नेमा जोड दिए।

# खडेरीका कारण हिउँदे बालीको उत्पादनमा गिरावट

**पर्वत–** लामो समयदेखि वर्षा नहुँदा पर्वतमा हिउँदे बालीनाली प्रभावित बनेका छन्। झन्डै पाँच महिनासम्म वर्षा नहुँदा कृषकहरूले लगाएको आलु, गहुं, जौ, तोरी लगायतका हिउँदे खेतीको उत्पादन ह्वात्तै घटेको पाइएको छ।

पर्वतमा यतिबेला खेतमा मकैबाली लगाउने बेला भएको छ। तर वर्षा नहुँदा धान काटेपछि बाँझै रहेको खेत जोत्नसमेत नपाएको कृषकहरूले गुनासो गरेका छन्। व्यावसायिक तरकारी खेती गरेका कृषकहरूसमेत खडेरीका कारण नष्ट भएको गुनासो गरेका छन्। धेरै वर्षपछि यति लामो खडेरी परेको पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीका कृषक रामप्रसाद सापकोटाले बताए। खेतमा मकै लगाउने बेला भइसके पनि वर्षा नहुँदा बाँझै राख्नुपरेको उनले बताए। गत असोजको अन्तिम सातापछि यस क्षेत्रमा वर्षा भएको छैन।

जिल्ला कृषि ज्ञान केन्द्र पर्वतका अनुसार विशेषगरी हिउँदे बालीनालीमा खडेरीले असर पुऱ्याएको छ। सिँचाइ सुविधा भएका र नभएका दुवै ठाउँमा उत्पादनमा निकै कमी आएको वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताइन्। उनका अनुसार बालीनाली उम्रिसकेपछि सिँचाइ गर्ने एउटा संवेदनशील अवस्था हुन्छ, त्यो समयमा सिँचाइ गर्न सकिएन वा वर्षा भएन भने बालीनाली मर्ने र उत्पादन नदिने समस्या हुने भएकाले सिँचाइ अनिवार्य गर्नुपर्दछ। 'सिँचाइ भएका ठाउँमा पनि वर्षा भयो भने उत्पादन झनै बढ्छ,' थापाले भने।

पर्वतमा आकासे वर्षाको भरमा खेतीबाली लगाउने ठाउँ धेरै भएकाले पनि यस वर्षको हिउँदे खेतीका रूपमा लगाइएको गहुँ, जौ, तोरी, आलु, फापरलगायत व्यावसायिक तरकारी खेती गर्नेहरूले ठूलो नोक्सानी व्यहोर्नु परेको थापाले बताए। तेलहन बालीमा मात्र ३० प्रतिशतभन्दा बढीले उत्पादनमा कमी आउने उहाँको अनुमान छ।

त्यसैगरी लहरेबालीसमेत समयमा लगाउन नपाउँदा व्यावसायिक तरकारी कृषकहरू मारमा परेका छन्। उहाँका अनुसार जिल्लाको पातिचौर क्षेत्र र मिलनचोक क्षेत्र तथा दक्षिण पर्वतमा रहेका विभिन्न खोलाको नजिकका खेतबारीमा बाहेक सबै ठाउँमा खडेरीले असर परेको छ। कतिपय ठाउँमा बालीनाली नै लगाउन पाएका छैनन् भने कतिपय ठाउँमा लगाएको बालीनाली नै सखाप भएपछि कृषकहरूसमेत चिन्तित बनेका छन्। अर्कोतर्फ पानीको वैकल्पिक स्रोतसमेत खडेरीका कारण सुकेपछि चैते धानका लागि बीउ राख्नसमेत नपाएको कृषकहरूले गुनासो गरेका छन्।

जिल्लामा झन्डै आठ हजार हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा पुगेको भए पनि खोला सुकेका कारण सिँचाइ नहरमासमेत पानी बन्द हुँदा झनै समस्या भएको छ। सानातिना मूलहरूको भरमा खेतीपाती गर्दै आएका कृषकहरूमा प्रचण्ड खडेरीका कारण मूल नै सुकेपछि झनै चिन्ता थपिएको शङ्करपोखरीका कृषक कुलप्रसाद तिवारीले जानकारी दिए। उनले भने, 'मकै, चैते धान, बर्खे आलु, रोप्ने बेलासम्म पनि पानी नपरेपछि समस्या भएको छ।'

अर्कोतर्फ पिउने पानीका मुहानहरू सुक्न थालेका छन्। यो महिनाभरिमा वर्षा नहुने हो भने मकै खेती र लहरेबालीसमेत उत्पादन नहुने कृषि ज्ञान केन्द्रले जनाएको छ। खडेरीले यस वर्ष पर्वतमा खाद्यान्न उत्पादनमा ठूलो गिरावट आउने कृषि ज्ञान केन्द्रका प्रमुख थापाको अनुमान छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ